# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan

वर्ष १६, अंक ०२, २०७९ मंसिर ०१-१५, मूल्य : १०० येन Vol. 16, No. 02 November 15-30, 2022, Price : ¥ 100



जापानमा विदेशीहरूको सर्वाधिक रोजाईमा पर्न सफल जापान इन्टरनेट

इन्टरनेट र १० मिनेट फ्रि कल मात्र ६९९ येन

उच्च गतिको इन्टरनेट सहित निःशुल्क कल सेवा

- ✔ १ जिबी देखि २५ जिबी डाटा सहितका विभिन्न सिम प्लानहरू छन् ।
- ✔ ३० जिबी र १०० जिबीको पकेट वाइफाई उपलब्ध छ ।
- ✔ बाध्यताकारी करार अवधि छैन, डिपोजिट आवश्यक पर्दैन ।
- ✔ सेवा बन्द गर्दा कुनै शुल्क लाग्दैन ।
- ✔ एक दिन मात्र भिसा भए पनि ओके, ब्ल्याकलिष्ट पनि ओके ।
- ✔ होम डेलिभरिको सुविधा छ ।

कल सिम डाटा सिम पकेट वाइफाइ होम वाइफाइ

थप जानकारीका लागि Facebook Whatsapp

JAPAN INTERNET
TOKYO, OKUBO STORE
TEL. 03-5937-2465 (Bilingual Support)
160-0023 Ai Ai Buldg. 3F, 7-6-8 Nishishinjuku, Shinjuku-ku, Tokyo
Web: www.hsbjapan.com


## ◇◇स्वतन्त्रको उदय◇◇

# मतदाताको आक्रोशको थुप्रो




❑ नेस डेस्क

काठमाडौं - नेपालको कम्युनिस्ट आन्दोलनमा चित्रबहादुर केसीको राजनीतिक यात्रा २०१४ सालदेखि अनवरत जारी छ । ८१ वर्षका केसीले यसपटक पनि बागलुङ-२ बाट *चुनाव जितेर*

»» बाँकी पृष्ठ ७ मा

## अबको संसद्मा नयाँ तीन दल :

# आक्रोशको मतलाई आशामा बदल्ने चुनौती



❑ नेस डेस्क

काठमाडौं - यसपटक संसदमा ३ वटा नयाँ दल प्रवेश गर्ने भएका छन् । रवि लामिछानेले नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टी, रञ्जिता श्रेष्ठले नेतृत्व गरेको नागरिक उन्मुक्ति

»» बाँकी पृष्ठ ७ मा


जापानमा जुनसुकै सेवाका लागि तपाईंको सारथी

एभरेष्ट ट्रेड नेपालीका लागि नेपाली फुदोउसान

हाम्रा सेवाहरू

- कोठा कार्यालय तथा पसल चाहिएमा
- नेपाल पैसा पठाउन परेमा
- जापानका विभिन्न स्थानमा रोजगारी चाहिएमा
- नेपाल जान-आउन हवाई टिकट चाहिएमा
- लेखा परिक्षण (जेइरिसी) सेवा चाहिएमा
- भिसा, कर्जा, व्यवसाय सम्बन्धि निःशुल्क परामर्श सेवा

सम्पर्क

EVEREST TRADE Co. Ltd.
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5
Shinjuku, Tokyo, Japan 169-0073
Mob: 080-9665-0800 (Viber OK)
Tel: 03-5937-0937 Fax: 03-5937-0937

www.kkeveresttrade.com | www.everesttrade-japan.com astalaxmitravel@gmail.com/yahoo.com



फुल टाइम तथा पार्ट टाइम कर्मचारीको आवश्यकता

»» BUILDING CLEANING

**१. तलव:**
(क) फुल टाइम: २० देखि २२ मान (मासिक)
(ख) पार्ट टाइम: १२३० देखि १३०० येन (प्रतिघण्टा)

**२. काम गर्ने समय:**
(क) साधारणतया: विहान ६:३० बजेदेखि १५:३० सम्म
(ख) काम गर्ने घण्टा र समयको विषयमा सल्लाह गर्न सकिने
(विदाको दिन: शनिवार, आइतवार, सरकारी विदा)
(ग) काम गर्ने समय काम गर्ने स्थलको आधारमा फेरवदल हुन सक्नेछ ।

**३. काम गर्ने स्थान:**
(क) टोकियो भित्र (काम गर्ने स्थानको बारेमा पनि सल्लाह गर्न सकिनेछ)
(ख) योकोहामा, चिवा, अन्य

**४. सेवा तथा सुविधा:**
(१) गयल नभएर सबै दिन काम गर्नेलाई ३००० येन थप दिइनेछ । (पार्ट टाईमको हकमा हप्तामा ५ दिन बढी काम गर्नुपर्नेछ ।)
(२) यातायात खर्च: उपलब्ध
(३) बस्ने कोठा (फुल टाइमरको लागि), पोशाक
(४) कर्मचारी बढुवा प्रणालीको व्यवस्था, तलव वृद्धि प्रणालीको व्यवस्था
(५) अनुभव नभएकाहरूलाई पनि स्वागत छ । विशेष अनुभव नचाहिने, कम्पनीमा काम गर्न थालेपछि लामो समयसम्म यही कम्पनीमा काम गर्न चाहनेहरूलाई प्राथमिकता
(६) कम्पनीमा आवद्ध भएपछि जापानी तथा अंग्रेजी भाषामा प्रशिक्षण प्रणालीको व्यवस्था
(७) जन्मदिनमा ३००० येनको कुपन सहित सामूहिक फोटो उपहार
(८) स्योउखाई गरेको व्यक्तिले ३ महिना भन्दा बढि काम गरेमा ५ हजार इनाम

**५. वायोडाटा**
हुलाक तथा इमेल गरेर पठाउन सक्नुहुनेछ ।

सम्पर्क

@S-RB

सिनएड फुदोउसान कं. लि.
सम्पर्क: कुबो, माचुनामी
Phone : 03-5287-1007
Fax:03-5287-1076
Email: info@s-mt.co.jp Website : s-mt.co.jp
Address:
東京都新宿区新宿6-24-16新宿6丁目ビル6階
(अन्तरवार्ता पनि यहीं हुनेछ । चिकातेचु हिगासी सिन्ज्युकु स्टेशनबाट पैदल ५ मिनेट ।)



I ♥ Nepal

Zeirishi/Visa support office
जेईरिशी/भिसा सपोर्ट अफिस

TAX & VISA
ट्याक्स एण्ड भिसा

- इमिग्रेसनमा भिसा एप्लाई गर्न ।
  - वर्किङ भिसाको नवीकरण तथा परिवर्तन ।
  - बिजनेश भिसा बनाउनु परेमा ।
  - डिपेन्डेन्ट भिसामा जापान बोलाउनु परेमा
  - भिजिट भिसाका लागि डकुमेन्ट बनाउनु परेमा ।
- ट्याक्स अफिसका लागि डकुमेन्टेसन गर्नु परेमा ।
  - कम्पनीको फाइनान्सियल हिसावकिताव गर्नु परेमा ।
  - कम्पनीको ट्याक्स हिसावकिताव गर्नुपरेमा ।
- सिटी कार्यालयमा गेनसेन पेपर पेश गर्न ।
  - गेनसेन पेपर बनाउन ।
  - स्यालरीको ट्याक्स हिसावकिताव गर्न ।

Licensed tax accountant
लाईसेन्स प्राप्त जेईरेसी
Gyoseisyoshi Lawyer
इमिग्रेसन भिसा वकिल

OGAWA BUNKEI
ओगावा बुन्केई

नेपाली मोवाईल : 070-4339-4972
जापानी मोवाईल : 090-2528-3400
〒115-0045
Tokyo-to Kita-ku Akabane 1-10-4-2floor
TEL 03-6903-8817 FAX 03-6903-8819



शिन-ओकुबोमा नयाँ नेपाली फुदोसान

'तपाईंको सन्तुष्टि हाम्रो सफलता, भरपुर विश्वसनियता हाम्रो प्रतिबद्धता'

सेवामा हाजिर छौं ।

- 01 कि-मनी नलाग्ने सस्तो कोठा तथा अफिस चाहिएमा
- 02 रेष्टुरेन्ट गर्नका लागि सस्तो ठाउँ चाहिएमा
- 03 चालु अवस्थाको रेष्टुरेन्ट किन्नुपरेमा वा विक्री गर्नुपरेमा
- 04 सिंगो घर वा फ्ल्याट किन्नुपरेमा
- 05 नेपाली, जापानी, हिन्दी, अंग्रेजी बोल्ने स्टाफ उपलब्ध

सम्पर्क

株式会社REAL STYLE
Contact: +8170-2332-6833 (For Nepali & English)
Contact: +8180-1317-6859 (For Japanese)
Tel/Fax: 03-5937-3899
Email: skato.eb@gmail.com

〒169-0073 Tokyo-To, Shinjuku-Ku, Hyakunincho 2-4-5 Lions Mansion Shinokubo (804)
बाराही हलाल फुडको अगाडि 100 Yen Shop भएको Building को आठौं तल्ला








स समुद्रपारि क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम www.samudrapari.com

## सम्पादकीय

# निर्वाचन परिणामले दिएको सन्देश

हालैमा सम्पन्न निर्वाचनको अन्तिम परिणाम आउने क्रम करीव सकिनै लाग्दा नेपाली राजनीतिले लिने संभावित आगामी कोर्स बारे सहजै आंकलन गर्न सकिन्छ । ठूला एवं पुराना भनिएका दलहरूबाट वाक्क, दिक्क र चरम निराशा एवं बितृष्णा ब्यहोर्दै आएका एक खालको जनमतले यसपाली नयाँलाई रोजेका छन् । यो रोजाईमा नेपाली जनताको मनोविज्ञान झल्किन्छ र वैकल्पिक शक्ति आवश्यक छ भन्ने उद्घोष पाईन्छ । तथापि सो अनुरूपको परिपक्वता र आडभरोसाका लागि नयाँ दलहरू सक्षम छन् भनेर अहिलै भनिहाल्न सक्ने अवस्था भने छैन र त्यस्तो अपेक्षा गर्न पनि सकिदैन । यसको मतलव पुराना र ठूला भनिएका दलहरू नै ठीक भन्ने कदापि होइन, उनीहरू त झन पूरै सुधारिनु जरूरी छ, नत्र भविष्य छैन भन्ने यसपालीको चुनावी परिणामको अर्को स्पष्ट सन्देश हो ।


निर्वाचनको परिणाम अनुसार अब सरकार बनाउन पुग्ने सुबिधाजनक बहुमत कुनै दलसंग पनि नहुने निश्चित भएकोले फेरी मिलीजुली सरकार बनाउनुको विकल्प देखिदैन । अहिलेसम्मको परिदृश्य हेर्दा विद्यमान सत्तापक्षीय गठबन्धनबाट वा बाहिरबाट नेतृत्व गर्ने गरी सरकार निर्माणको स्वभाविक पहल हुने छ । जसअनुसार सत्तामा जाने र सरकार ढाल्ने दलहरूबीचको फोहोरी चलखेल फेरि सुरू हुने संकेत सतहमा देखिन थालेका छन् । राजनैतिक अस्थिरताको चक्रब्युहबाट लामोसमयदेखि गुज्रदै आएको नेपालका लागि यो शुभसंकेत मान्न सकिदैंन । दुई वा दुईभन्दा धेरै दलहरूबाट बन्ने सरकारमा राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, मन्त्रालयको भागबण्डा, संबैधानिक नियुक्तिका भागबण्डा लगायतका बिषयले दलहरूबीच थप किचलो निम्तने प्रष्ट छ । राजनैतिक स्थिरताका लागि बहुमतको सरकार र बहुमतको सरकारका लागि कुनै दलविशेष वा गठबन्धनलाई जनताले म्याण्डेट दिनुपर्नेमा यो पटकको निर्वाचनमा यो अवसर प्राप्त गर्न ठूला एवं पुराना भनिएका दलहरू नराम्रोसंग चुकेका छन् । विगतमा गरेका गल्ती, कमीकमजोरी, दम्भ र उन्मादको सजायँ स्वरूप नेपाली जनताले उनीहरूको हैसियत राम्रैसंग खुम्चाईदिएका छन् । ती दलहरू जो विगतको विरासत जोगाउन नसकेर आजको अवस्थामा थचारिन आईपुगेका छन् उनीहरू अझै चेतेनन् र आफुलाई सुधारेनन् भने अझै पुड्को हुँदै जाने र झन सानो कोटरीमा सीमित हुने दिन नआउला भन्न सकिदैंन ।

नयाँ उदाएका दलहरूमाथि पनि तत्काल बिश्वास गर्न सकिने बलियो आधार केही देखिदैन । भावनात्मक आवेशमा एकातिरको रिस एकातिर खन्याउँदा पाएको मतका कारण प्राप्त बिजय र उनीहरूको राजनैतिक यात्राले कस्तो मोड लिन्छ अहिलै केही भन्ने अवस्था छैन । भनिन्छ, भिड र भ्रमको आयु लामो हुँदैन, मतदाताहरूले एकपटक टेष्ट गरेर हेरौं न भन्ने ध्येयले नयाँ भनिएकाहरूलाई जिताएको देखिन्छ । उनीहरूले नेपाली जनतालाई अहिलेसम्म आफ्नो पार्टीको वैचारिक सिद्धान्त, दृष्टिकोण, कार्यदिशा र राजनैतिक गन्तब्यको स्पष्ट खाका दिन सकेका छैनन्, उनीहरू आफै अझै अन्यौलमा देखिन्छन् । त्यसो भएको हुँदा उनीहरू सरकारमा जाने भन्दा आफ्नो पार्टीलाई ब्यवस्थित गर्ने र सांगठानिक संरचना निर्माण गर्नतिरै ध्यान केन्द्रित गर्ने देखिन्छ ।

यो चुनावी परिणामबाट देशमा अबको पाँच वर्षको राजनैतिक कोर्स र त्यसले कोर्ने चित्रको प्रक्षेपण गर्नुपर्दा शान्ति, सुशासन र समृद्धिको राष्ट्रिय संकल्पलाई जुरूक्कै माथि उठाउने जस्ता ठूला अपेक्षा गर्न नसकिएता पनि संसदीय अभ्यासमै रूमल्लिएर एकअर्कालाई खबरदारी गर्दै नेपाली समाजको पुरातनवादी राजनैतिक चेत र मनोविज्ञानलाई भने अझै तिखार्ने काम अवश्य हुने छ । जसले गर्दा राजनैतिक वृत्तमा जबरजस्ती उठेको युवा नेतृत्वको मागलाई सम्बोधन गर्ने अपेक्षा गर्न सकिएला । राजनीति र नेतृत्वको सवालमा युवाको परिभाषा उमेरलाई मात्रै इंगित गर्दैन, यो त सोच र चेतको बिषय हो भन्ने भेउ नपाउञ्जेल नारामा मात्रै युवा भनिएता पनि चेतनाको स्तरमा ध्यान दिन सकेनौ भने देशको राजनीति सँधै अहिलेको जस्तै खिचडी एवं गञ्जागोल भईरहने निश्चित छ । त्यसैले नेपाली समाजको मनोविज्ञानलाई उन्नत बनाउन र उनीहरूको सोच र चेतलाई समयसापेक्ष बनाउनेतर्फ पनि दलहरूको ध्यान जानु आवश्यक छ । मकै रोपेर गहुँ फलाउने चेष्टा गरिएझै सोही अनुसारको गृहकार्य र तयारी बिना बहुमतको सरकारको अपेक्षा गर्न सकिदैन ।

## के तपाई पुस्तक लेख्ने सोचमा हुनुहुन्छ ?

जीवनका अविस्मरणीय घटना तथा क्षण
प्रवास भोगाइका तीता, मीठा अनुभव
अनि मनमा सँधै छचल्किरहने भावना,
यात्रा-नियात्रा संस्मरण, जीवनी
लगायतका विषयवस्तु समेटिएको
पुस्तक प्रकाशन गरेर
लेखक बन्न चाहानुहुन्छ भने
हामीलाई सम्पर्क गर्नुहोला ।




साथै कथा संग्रह, कविता संग्रह, गजल संग्रह, उपन्यास लगायतका साहित्यिक प्रकाशन तथा संघसंस्थाहरूका संस्थागत मुखपत्र, स्मारिका, बिधान लगायतका दस्ताबेज प्रकाशन गर्नुपरेमा पनि हामीलाई सम्झनुहोला ।

080-4150-5314

GMT international

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

# भोकको गीत, भातको संगीत



विचार

संकेत कोइराला

> नियम कानून र संविधानका ठेली जतिसुकै आकर्षक बनाए पनि त्यसको सौन्दर्य पालनामा हुन्छ । दूधालु लैनो गाईको फाँचोमा पुगे पनि किर्नोले खाने भनेको रगत नै हो, दूध हैन । कानून मान्ने र नमान्नेको भिन्नता पनि यही नै हो । प्रायः मानिस टाकुरा चढ्ने सपना त देख्छन् तर घर अगाडिको तगारो नाघी अघि बढ्ने हिम्मत गर्न सक्दैनन् ।

बाघले लखेट्न थालेपछि एउटा स्याल ज्यान बचाउन नजिकैको गुफामा लुकेछ । बाघ पनि के कम बल्ल बल्ल पाएको शिकार खोज्दै त्यही गुफा वरपर पुगेछ । त्यहाँ पुगेर यताउता हेर्छ त अहँ, स्याल कतै देखापर्दैन । तैपनि उसले शिकार खोज्ने क्रमलाई निरन्तरता दिन छोडेन । यता गुफाभित्र पसेको स्याल सुरक्षित ठानी आफ्नै शरीर नियाल्दै निमग्न हुन थालेछ । उसलाई लागेछ - 'मेरो आँखाको सहारामा म संसार हेर्न पाउँछु । मुखको भरमा जीवन निर्वाह गर्न सकेको छु । नाकको भरमा शत्रु, मित्र कहाँ लुकेका छन् भनेर पत्ता लगाउँछु । कानको मद्दतमा सुन्छु । खुट्टाको भरमा आहारविहारको प्रबन्ध मिलाउँछु ।' आफ्नो शरीरको हिसाव किताव मिलाउन मस्त उसको नजर पुच्छरमा परेपछि सोच्न थाल्यो- 'जताबाट हेरेपनि यो मेरो पुच्छरको कुनै औचित्य छैन । न यसले मेरा लागि कुनै शिकार गर्न सहयोग गर्छ । न शत्रुबाट बचाउन सहयोगी हुन्छ । ताईं न तुईंसंग टाँसिएको यसले बरू शरीरको सौन्दर्य बिगार्ने काम मात्र गरेको छ ।' मनभित्रको आत्मालापपछि निर्णय लिँदै आफ्नो स्यालले आँखा, नाक, खुट्टा, कान सबैलाई ज्यान दाउमा राखेरै भएपनि बचाएर राख्ने तर काम नलाग्ने पुच्छरको सुरक्षामा ध्यान नदिने रणनीति लियो । आफ्ना सम्पूर्ण अवयव ओडारमा सुरक्षित राखेको स्यालले पुच्छरलाई भने गुफा बाहिर छोडिदियो । शिकार एकलव्य रहेको छट्टू बाघले स्यालको पुच्छर देखिहाल्यो । अनि त्यही पुच्छर जोड जोडका साथ घिसार्दै बाघले स्याललाई गुफा बाहिर ल्याएर मीठो आहारा बनायो ।

पाँच वर्षसम्म स्यालको पुच्छर झैं भएका मतदाता एकदिन जनार्दन हुन पाउँदा कस्तो निर्णय गर्दा रहेछन् भन्ने नेताहरूलाई यो चुनावपछि हेक्का भएको हुनुपर्छ । पर्खिन मात्र सक्नुपर्छ दिन सबैको आउँछ । गल्लीमा मिल्किएको कुकुर तिहारको एकदिन नै किन नहोस, माला लगाउने हैसियतमा पुग्छ । कसैको माया नपाउने जबर्जस्त पन्छी कागलाई त्यही मेसोमा मिठो मसिनो छुट्याइन्छ । अरूबेला घरेलु एम्बुस थापिने बैगुनी मुसो गणेशको पाउमुनि परेका बखत ढोग खान्छ । महादेवको घाँटीमा बेरिएको सर्पको हुँकार त बयान नै हुँदैन । अरू त अरू काटिन लागेको बोकाले पनि छिनभरका लागि पूजा पाउँछ । अरू दिन मान्छेको कोटीमा नराखिएका मतदाता एकदिन राजहाँस भएर मुद्दा छिन्ने न्यायाधीश हुन्छन् । हुन त कागभन्दा कोइली चंख भन्ने आहान छ । तर हाम्रो देशका नेता कागको फूल चोरेर अम्लेठ बनाएपछि कागलाई बेचेर हुर्मत लिने क्षमताका छन् । जुनसुकै मौसममा नेताहरूको दम्भ सय डिग्री तापक्रमको औसतमा रहनुको कारण यही हो । राजनीतिशास्त्रले भन्छ - जनता गलत हुँदैन ।

नेपालीको मनोविज्ञान जाँच्दा नासाका वैज्ञानिक नै असफल हुने खतरा छ । कोही वडा सदस्यमा चुनिएको हुँदैन, तिनका भजनमण्डली आधा क्वीन्टलको फूलको माला लिएर मैदानमा उत्रिहाल्छन् । फूल नफुल्ने मनाङ, मुस्ताङ नेताले पाइला टेक्नासाथ भारत र चीनबाट ल्याइएका माला-खादाको पहिरोले राष्ट्रियता पुर्छ । स्कुले भुरालाई पुस्तक, जनतालाई सिटामोल, सुत्केरीलाई उपचार, किशोरीलाई प्याड, पखाला लागेकालाई जीवनजल र कृषकलाई मल नपुगेका ठाउँमा वियर, भोड्का, चाउचाउ वर्ष दिनका लागि स्टोर भएको हुन्छ । आफू सत्तामा पुग्ने मेसो मानिने चुनावका हरेक गतिविधि २४ घण्टामा तमाम गर्न सक्ने यही संयन्त्र जनसेवाका हकमा कुम्भकर्ण बन्छ । चुनाव जित्ने उन्मादमा त ठीकै होला तर कैद भुक्तान गरेर निस्किएको, राज्यले अपराधी घोषित गरेको मानिस समेत राजनीतिक कलेवरमा विश्व बिजेता बनेर प्रकट हुन्छ । विमानघाटदेखि आर्यघाटसम्म ठूला मानिसका ठेलमठेल छ । भनिन्छ- समुद्र, मसानघाट, तृष्णा र मान्छेको मन कहिल्यै भरिदैन । राजनीति यस्तो गज्जब जागिर भएको छ कि नाना, खाना र छानाको प्रबन्ध त्यही शब्दको प्रतापले तमाम गरिदिन्छ । राजनीति गर्नेका लागि नेपाल भूमि नै एउटा डिलक्स अतिथि गृह हो । आरोप हैन, जेलमा रहेका रेशम चौधरीले बाउ, पत्नी र दुई भाइलाई एकैपटक सांसदको जागिर दिलाए । विश्वमा खुँखार कथा शिल्प उनेर सिनेमा बनाउने बलिउडका शिल्पी यहाँको सामाजिक कथा वस्तु सुने भने तीन छक्क पर्छन् होला । हामीले जीवन पाएको माटो र हामीले निर्वाह गरेको भूमिका दुवैमा छारस्ट संशय छन् । असल हुने भन्दा, असल देखिने प्रतिस्पर्धा छ । पुजारीमा भगवान पुजेर नभई मूर्ति बेचेर धनी हुने चाह अधिक छ । देशका ठूलाभन्दा ठूला मुखियालाई संविधान प्रदत्त अधिकारभन्दा जग्गा दलाली, बालुवाको ठेकेदारी, हाइड्रोको कमिशनमा चाख छ ।

विकासे मोडलको सन्दर्भ हेरौं त । एउटा संस्था आउँछ तरकारी लगाउनुस् भन्दै बीउ दिन्छ । हामी त्यसै गर्छौं । अर्को संस्था आएर चल्ला दिन्छौ, कुखुरा पाल्नुस भन्यो, हामीले आँखा चिम्लिएर अह्राएको मान्यौं । यति गरी भ्याउँदा नभ्याउँदै अर्को दाता आएर विरूवा हातमा थमाउँदै बृक्षारोपण गर्न हौस्यायो, जनताले अक्षरशः उर्दीको पालना गरे । परिणाम के आयो भने लगाएको तरकारी कुखुराले खायो । बनजंगल बढेपछि स्यालले पालेका कुखुरा सखाप पारे । स्याल बढेपछि चौपाया जोगाउन जंगलमा आगो लगाइयो । अन्ततः न तरकारी, न कुखुरा, न बनजंगल हाम्रा सपना बाहेक अरू सबै खरानी भए । अब त गमलामा रोपेको सागसब्जीमा समृद्धिको सपना खुम्चिन थालेको छ । दशकौं देखि विकासको मोडल मिलको फित्ता झैं एकै ठाउँ घुमिरहेका छन् । जीवन चलेको त छ, तर त्यसले यात्रा तय गर्न सकेको छैन ।

राजनीतिको छक्का पञ्जाले कर्तव्यबाहेक सबै सिकाएको छ । पहिला पहिला अपराध कानून छलेर गरिन्थ्यो, अहिले सटर खोलेर ज्योतिषका परामर्शमा त्यस्ता कर्म तमाम गरिन्छ । सडकमा चुनाव जित्ने र हार्नेको उत्तिक्कै हुँकार छ । चुनावको मत परिणाम आइसकेको छैन, प्रधानमन्त्रीका लागि बैना मार्नेको बिगबिगी सम्हाली साध्य छैन । घोषणापत्रमा ढुकुटी रित्याउने प्रतिस्पर्धामा उत्रिएका दलका नेताहरू पैसा उत्पादन गर्ने बाटोका बारेमा बेखबर छन् । सत्तामा हुनेदेखि साना घिसिपिटी दलका स्वघोषित नेताहरूसम्म आँधीबेहरी ल्याउने बाहेक अन्य कुरै गर्दैनन् । पाँच वर्ष ढुंगाको अक्षरजस्तो आयु पाएको सरकार सँधै आयाराम-गयारामको आतंकबाट त्रसित छ । आयाराम र गयारामको बाक्लो बहस हुनु भनेको हुने गरेका काममा पूर्णविराम लाग्नु हो । संसारमा बनेका साँचो सज्जनका लागि हो । नियम कानून र संविधानका ठेली जतिसुकै आकर्षक बनाए पनि त्यसको सौन्दर्य पालनामा हुन्छ । दूधालु लैनो गाईको फाँचोमा पुगे पनि किर्नोले खाने भनेको रगत नै हो, दूध हैन । कानून मान्ने र नमान्नेको भिन्नता पनि यही नै हो । प्रायः मानिस टाकुरा चढ्ने सपना त देख्छन् तर घर अगाडिको तगारो नाघी अघि बढ्ने हिम्मत गर्न सक्दैनन् । हामी गर्वका साथ भन्दैछौं- चुनावसंगै नयाँ युगमा प्रवेश गर्‍यौं । तर यस युगको अन्तिम सीमा अन्तरीक्ष नभएर मानव मस्तिष्क हो भन्ने सत्य हेक्का राख्दैनौं । शास्त्र भन्छ - क्रोधले बुद्धि, अहंकारले ज्ञान, चिन्ताले आयु, लोभले इमान, घुसले इन्साफ, प्रायश्चितले पाप, याचनाले स्वाभिमान र अकर्मण्यताले भविष्य सिध्याउँछ । त्यसैले अरूका लागि हैन, आफ्नै अन्तरचक्षुको अग्निपरीक्षामा खरो उत्रिनेहरू कहिल्यै पराजय हुँदैनन् । संविधानका हकमा पनि यो सत्य पूरापूर लागू हुन्छ ।

नेपालको विकास किन भएन ? धेरैका धेरैथरि तर्क होलान् । तर मेरो ब्रम्हाले भन्छ- देशको चिन्ता गर्दागर्दै आफ्नो कर्तव्य बिर्सिनेहरूको लाभाले देश सुरूङतर्फ प्रवेश गरेको हो । हाम्रोमा राजनीतिले सुशासनको बीउ रोप्न सकेन । कानून सोझाका लागि फस्ने र छट्टूका लागि उम्किने माध्यम बन्यो । फलस्वरूप परपीडा यसरी पन्पिएर गयो कि रक्सीको सामान्य नशाको तलतल मार्न आलुको भाउमा मृगौला बेच्नेहरू बढे । जस्ता पाताको छानो लाउने लोभमा छोरीचेलीको लर्को वेश्यालयतर्फ लाग्दा कुनै माईतीको चित्त काटिएन । १६ वर्ष पुगेको भोलिपल्ट 'वीर गोरखाली युवा' को परिचय खाडीमा उँटको लिदी सोहोर्ने काममा अनुवाद हुँदा युवाको खाँचो देशले महशुस गरेन । हजार विदेश जाने क्रमसंगै दर्जन शव बाकसमा फर्कंदा कसैको मन द्रवित हुँदैन । स्वदेशमा बनिने नाममा विदेशमा पैसा तान्ने कोक, फ्यान्टाका उत्पादनमा ताली पड्काउने नेपालीहरू आफ्नै माटोका उत्पादनमा आग्लो लाग्दा भोज खान तत्पर देखिए । मुलुकको राजनीति अँगार धोएर सुकिलो बनाउने कुकर्ममा अल्मलिरह्यो । संसार युरेनियमले उज्यालो बनाउने अभियानमा अघि बढिरहँदा असारे भेललाई हेरेर मेघावाटका सपनाबाट हामी ब्युँझन सकेनौं । क्यासिनोको दाउले काम गर्न छोडेपछि कथित सुकिला-मुकिलाहरू सिंहदरवारलाई अल्मल्याएर खोलाको पानीमा दाउ हान्न तम्सिएका छन् । जमिन ओगटेको नपुगेर खोलाको पानीमा 'ताजमहल' को बल्छी फ्याँकेर आर्जनका नयाँ नयाँ अस्त्र धारण गरिरहेका छन् । सिंहदरबार पसेका बीपी, जीपी, केपीदेखि पीकेसम्मलाई स्वागत र अभिनन्दनका नाममा चढाइएका फूलमालाभित्र छिरेका स्वार्थी झुसिलकिराले भुत्ते पारिदिए । देश पुलिस नभएर पोलिसीले चल्छ भन्ने सत्य कसैले आत्मसात गर्न सकेनन् ।

राजनीतिक नेतृत्वले ढुक्क भए हुन्छ- समस्या राउटे, चेपाङ, कुसुण्डा बस्तीमा छैन । समस्या त समस्यालाई सधैं समस्या देखेर हात हाल्न हिम्मत नगर्ने सोचमा छ । नेचर, र सिग्नेचर फेर्न नमान्ने संस्कारमा छ । कितावी ज्ञानमा क्रान्ति र प्लास्टिकको फूलमा पराग खोज्नु एउटै हो । देश सप्रिन दलको अध्यक्ष म्यानेजर र दल प्रालिबाट माथि उठ्न जरूरी छ । अब पनि नचेत्ने हो भने अन्नको रासमा पुगेर भोकको गीत गाउने नियति दोहोरिने पक्का छ ।

# राष्ट्रव्यापी यात्रा छुट

## कार्यक्रम आगामी वर्षसम्मका लागि विस्तार



❑ नेस संवाददाता

टोकियो - जापान सरकारले आफ्नो राष्ट्रव्यापी यात्रा छुट कार्यक्रम सन् २०२३ मा पनि विस्तार गर्ने भएको छ । सो कार्यक्रम यहि आउँदो डिसेम्बरको अन्त्य तिर समाप्त हुने योजना रहेको थियो ।

पर्यटनमन्त्री तेत्सुवो साइतोले नोवेम्बर २५ मा पत्रकार सम्मेलनमा अहिले जारी रहेको राष्ट्रव्यापी यात्रा छुट कार्यक्रम सन् २०२३ मा पनि जारी राख्ने घोषणा गरेका हुन् । साइतोले डिसेम्बर २८ देखि नयाँ वर्षको अवधिमा कार्यक्रम स्थगित गरिने र कोभिड-१९ संक्रमणको अवस्था हेरेर केहि समय पश्चात पुनः सुरु हुने बताएका छन् ।

यद्यपि सन् २०२३ मा लागू गरिने छुट कार्यक्रम अन्तर्गत भने छुट दर घटाइने भएको छ । छुट दर हालको ४० प्रतिशतबाट २० प्रतिशतमा झर्नेछ र अधिकतम छुट रकम प्रति पर्यटक ८ हजार येनबाट ५ हजार येनमा झर्ने भएको छ । साथै कार्यक्रम अन्तर्गत प्रदान गरिएको किनमेल कुपनहरु आंशिक रूपमा घटाइनेछ । यस्ता कुपनहरूमा साताका दिनका लागि जारी गरिएको रकम ३ हजार येनबाट घटाएर २ हजार येन बनाइनेछ भने सार्वजनिक बिदाको लागि रकम १ हजार येनमा कायम गरिनेछ ।

यात्रा छुट कार्यक्रम प्रयोग गर्नका लागि कम्तिमा तीनवटा कोभिड-१९ खोपको डोज प्राप्त गरेको वा कोरोनाभाइरसको लागि परीक्षण नेगेटिभ आएको प्रमाणपत्रहरु आवश्यक रहने जनाइएको छ ।

# जापानमा संक्रमणको आठौं लहर



❑ नेस संवाददाता

टोकियो - जापानभर कोरोना संक्रमण फेरी बढ्न थालेको छ । विशेषगरी होक्काइदो र उत्तरी क्षेत्रहरूमा संक्रमण बढ्दो क्रममा रहेको छ । विज्ञहरूले यो आठौं लहरको सुरुवात भएको हुन सक्ने बताएका छन् । अघिल्ला लहरहरूमा ठूलो जनसंख्या भएका ठूला सहर जस्तै, टोकियो र यसको वरपरका सहरमा तिव्र संक्रमण देखिने र बिस्तारै अन्य ठाउँमा संक्रमण फैलिने प्रवृत्ति थियो । यस आठौं लहर भने होक्काइदो र उत्तरी तोहोकु क्षेत्रतर्फबाट सुरु भएको छ ।

अघिल्ला केहि लहर हरूमा झैं ओमिक्रोन बिए-५ संस्करण अझै पनि प्रबल छ । नोभेम्बर १७ मा टोकियो महानगर सरकारको कोभिड-१९ अनुगमन बैठकमा पेश गरिएको तथ्याङ्कले सेप्टेम्बर महिनामा संक्रमित मध्ये ९८ प्रतिशत बिरामीमा ओमिक्रोन बिए-५ संस्करण देखिएको थियो । बिए-५ ओमिक्रोनका अन्य उपप्रजातिहरूमध्ये झण्डै चार गुणा संक्रामक भएको विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

# जापानमा बर्ड फ्लु : अहिलेसम्म २८ लाख बढी कुखुरा नष्ट

❑ नेस संवाददाता

टोकियो - बर्ड फ्लु जापानमा असामान्य गतिमा फैलिरहेको छ । २६ नोवेम्बर शनिबारसम्ममा देशको ४७ प्रान्त मध्येका १२ वटा प्रान्तमा बर्ड फ्लु भेटिएको पुष्टि भएको छ । कृषि मन्त्रालयले पंक्षी फार्म सञ्चालकहरूलाई संक्रमण रोकथामका लागि पूर्ण रूपमा सचेत रहन र शंकास्पद केहि भएमा छिटो भन्दा छिटो सम्बन्धित निकायमा रिपोर्ट गर्न आग्रह गरिरहेको छ ।

अक्टोबर २८ मा, यो सिजनको पहिलो केस ओकायामा र होक्काइदोको फार्महरूमा पुष्टि भएको थियो । बर्ड फ्लु संक्रमण रोकथामका निमित्त अक्टोबरदेखि अहिलेसम्म



देशभरमा लगभग २८ लाख ९० हजार कुखुरा नष्ट गरिएको छ । बर्ड फ्लु जापानमा मात्र नभई विश्वका अन्य धेरै ठाउँमा पनि फैलिरहेको छ । धेरैजसो पंक्षीहरूमा संक्रमण हुने यो इन्फ् लुएञ्जा ए एचफाइभएनवान भाइरस कहिलेकाँहीं पंक्षीबाट मानिसमा समेत संक्रमण हुने गर्दछ ।

तर हत्तपत्त यो भाइरसको संक्रमणले मानिसको ज्यानै लिन नसक्ने भन्दै कतिपयले शंका समेत व्यक्त गरेका छन् । चिकित्सकहरूका अनुसार मानिसलाई अरु फ्लु लाग्दा देखिने लक्षणजस्तै यसका लक्षण पनि हुन्छन् । संक्रमण भएपछि देखिने लक्षणमा, खोकी लाग्ने, ज्वरो आउने, टाउको दुख्ने, जाडो लाग्ने, हाछ्युँ आउँने, मांसपेशीमा पीडा हुने, नाकबाट पानी बग्ने वा नाक थुनिने हुन् । लक्षणहरु अचानक पनि देखिन सक्छन् । सामान्यतया भाइरसको सम्पर्कमा आएको तीनदेखि पाँच दिनमा लक्षणहरु देखिने चिकित्सकहरु बताउँछन् ।

# श्राइन र मन्दिरमा भिन्नता



❑ नेस संवाददाता

टोकियो - जापानमा लगभग ८० हजार श्राइन र ७५ हजार मन्दिर छन् । जापानका मन्दिर र श्राइन आन्तरिक र अन्तर्राष्ट्रिय यात्रुहरूका बीचमा सबैभन्दा लोकप्रिय पर्यटक आकर्षणहरु मध्ये एक हो ।

दुबैको समान वास्तुकला र औपचारिक महत्व छ । सरल भाषामा भन्नुपर्दा श्राइन शिन्तो धर्मावलम्बीको आस्थाको केन्द्र हो भने मन्दिर बौद्ध धर्मावलम्बीको । यसका साथै श्राइन र मन्दिरको बनावटमा पनि फरक हुने गर्दछ । त्यस्तै श्राइन र मन्दिर प्रवेश गर्दा गरिने शुद्धीकरण र पूजा गर्ने तरिकामा पनि फरक हुने गर्दछ ।

श्राइनलाई जापानीमा जिन्जा भनिन्छ । शिन्तोवादमा ब्रह्माण्डका हरेक चिज पहाड, जंगल, चट्टान, रुख, प्रकृति र अन्य सबै चीजहरूमा आत्मा हुने मानिन्छ र सबैलाई देवताको रूपमा पूजा गरिन्छ । अर्कोतर्फ मन्दिरलाई जापानीमा ओतेरा भनिन्छ । मन्दिर हरूमा बुद्धको मूर्ति राखिएको हुन्छ र बुद्ध धर्मको पूजा गरिन्छ ।

श्राइन र मन्दिर चिन्नको लागि अर्को बिन्दु भनेको प्रवेश गर्ने मूलद्वार हुन् । श्राइनका प्रवेशद्वार साधारण तर ठूलो र रातो रंगको हुन्छ जसलाई जापानीमा तोरी भनिन्छ । र मन्दिरको प्रवेशद्वार भने राम्रोसंग निर्मित जटिल संरचनाको हुन्छ । केही मन्दिर



हरूको छेउछाउमा चिहान पनि हुने गर्दछ । यसबाहेक श्राइनहरूमा बाहिर कुकुरको आकारको मूर्ति (कोमाइनु) हरू देखिन्छ भने मन्दिरहरूमा बुद्धका मांसपेशी संरक्षकको मूर्तिहरू देखिन्छ ।

त्यसैगरी श्राइन प्रायः विवाह, सुखी जीवन वा सफल व्यवसायको प्रार्थनाको लागि दर्शन गरिन्छ भने मन्दिर अन्त्येष्टि वा पुर्खाहरु वा हराएको प्रियजनहरूसँग कुराकानी गर्न दर्शन गरिन्छ । सामान्यतया श्राइनमा प्रवेश गर्नु अघि, गेट नजिकैको कुण्डको पानी प्रयोग गरेर आफूलाई शुद्ध गरिन्छ भने मन्दिरमा प्रवेश गर्नु अघि, धूप बालेर आफूलाई शुद्ध गरिन्छ ।

# जापान समलिङ्गी जोडीका लागि सकारात्मक बन्दै



❑ नेस संवाददाता

टोकियो - समलिङ्गी विवाहलाई विश्वमा रहेका लगभग ३० देश र क्षेत्रहरूमा कानूनी मान्यता दिइएको भएता पनि जापानले अझै पूर्ण रूपमा मान्यता दिएको छैन ।

हालसालै भने समलिङ्गी विवाहलाई समान हैसियत र अधिकार प्रदान गर्न नसके पनि विवाह जत्तिकै मान्यता भएको प्रमाणपत्र दिने जापानी नगरपालिकाहरूको संख्या बढ्दै गएको छ । सन् २०१५ मा टोकियोको शिबुया र सेतागाया समलिङ्गी जोडीलाई सो प्रमाणपत्र दिने प्रणाली अनुसरण गर्ने पहिलो नगरपालिका थिए । २०१५ देखि अहिलेसम्म जापानमा २ सय ३९ वटा जापानी नगरपालिकाहरूले समलिङ्गी साझेदारी प्रणाली अपनाएका छन् ।

यस प्रणाली अन्तर्गत, सँगै बस्ने समलिङ्गी जोडीहरूले आफ्नो सम्बन्धलाई विवाह बराबरको रूपमा मान्यता दिने प्रमाणपत्रको लागि दर्ता गर्न सक्छन् । प्रमाणपत्रले समलिङ्गी जोडीलाई सार्वजनिक आवासको लागि आवेदन गर्दा परिवारको रूपमा मान्यता प्राप्त



सहित विवाहित जोडीहरूलाई प्रदान गरिएका केही अधिकारहरु प्रदान गर्दछ ।

सरकारले समलिङ्गी विवाहलाई पूर्णरूपमा मान्यता नदिँदा समलिङ्गी जोडीहरूले धेरै समस्या भोग्नुपरेको छ । तर यसरी नगरपालिकाले समलिंगी जोडीलाई स्वीकार गर्दा मात्र पनि अहिले जापानको समाजले समलिंगी जोडी गर्ने व्यवहार र हेर्ने दृष्टिकोण सकारात्मक हुँदै आएको हुन सक्ने अनुमान गरिएको छ ।

यहाँहरूको स्वागतमा ओकुबोमा अमरदीप

पारिवारिक वातावरणमा स्वादिष्ट भोजन सहित भेटघाट, बैठक, जन्मदिन, पास्नी, बिदाई जस्ता कार्यक्रम गर्नुपरेमा वा आतिथ्य सत्कार सहित आफ्ना छोरीज्वाँई, चेलीबेटी लगायतका पाहुना खुवाउन परेमा हामीलाई सम्झनुहोला । १०, १२ जनाको मिटिङ गर्न मिल्ने छुट्टै मिनीरुमको पनि ब्यवस्था छ । यहाँहरुको बसाई र भेटघाटलाई अविस्मरणीय बनाउन अर्डर अनुसारको खाना तयार गरिन्छ । एक पटक सेवा गर्ने मौका अवश्य दिनुहोला ।
बुक गरिएको पार्टीका लागि नाँचगानको व्यवस्था पनि छ ।

राम्रो भोजनले सामिप्यता बढाउँछ

AMARDEEP
TEL 03-3362-9772
Mob 080-5918-4360
090-9859-2029


INDIAN NEPALI RESTAURANT
AMARDEEP
2 Min. Walk from JR Okubo Station (South Exit)
1-24-9 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hours 11:00~24:00

इ-पासपोर्ट
प्रोसेसिङ गरिन्छ



VIBER OK!!
सम्पर्क:
080-4150-5314

# पूर्वपरराष्ट्रमन्त्रीहरूलाई फापेन निर्वाचन




❑ नेस संवाददाता

काठमाडौं – यस पटकको निर्वाचन पूर्वपरराष्ट्रमन्त्रीहरूका लागि घातक बनेको छ । प्रभावशाली मन्त्रालय सम्हालेका नेताहरूका लागि निर्वाचन परिणाम तगारो भएको हो । प्रत्यक्ष निर्वाचन प्रतिस्पर्धामा उत्रिएका नेपाली कांग्रेस, नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका नेताहरु पराजित भए । काँग्रेस नेत्री सुजाता कोइराला, एमाले नेता प्रदीप ज्ञवाली, जसपा अध्यक्ष उपेन्द्र यादव, राप्रपा नेपालका अध्यक्ष कमल थापाको संसद् यात्रामा 'ब्रेक' लागेको हो । आफ्ना पिताको निर्वाचन क्षेत्रबाट चुनावी प्रतिस्पर्धामा उत्रिएकी नेतृ कोइराला एमालेका ऋषिकेश पोखरेलसँग १ हजार २ सय ८ मतले पराजित भएकी छन् । यस पटकको निर्वाचनमा एमालेबाट परराष्ट्रमन्त्री बनेका प्रदीप ज्ञवाली पराजित भएका छन् । सफल परराष्ट्रमन्त्री भनेर चिनिएका ज्ञवाली गुल्मी-१ बाट प्रतिनिधिसभा सदस्य पराजित भए । उनलाई १ हजार ६ सय २२ मतले पछि पार्दै कांग्रेस नेता डा. चन्द्रकान्त भण्डारी निर्वाचित भएका छन् ।

यस पटकको निर्वाचनका चर्चित पात्र मध्येका एक राप्रपा नेपालका अध्यक्ष एवं पूर्वपरराष्ट्रमन्त्री कमल थापा पूर्वविश्वासपात्र दीपकबहादुर सिंहसँग दौडमा अघि बढ्न सकेनन् । सुरूआती गणनामा कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना) सँग प्रतिस्पर्धामा रहेका थापा अन्तिम मत परिणाममा सिंहसँग फराकिलो मतान्तरले पछि परे । मधेस प्रदेशको बलियो राजनीतिक शक्ति जसपाले यस निर्वाचनमा ठूलो क्षति ब्यहोरेको छ । जसपा अध्यक्ष पूर्वउपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री उपेन्द्र यादवले ठूलै धक्का बेहोरेका छन् । मधेस राजनीतिमा उदाउने तरखर गर्न थालेको जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउतले यादवलाई १८ हजारभन्दा बढी मतान्तरले पराजित गरे ।

केही पूर्वपरराष्ट्रमन्त्रीहरु भने समानुपातिक सूचीमा छन् । नेकपा (माओवादी केन्द्र) का उपाध्यक्षद्वय नारायणकाजी श्रेष्ठ र कृष्णबहादुर महरा, राप्रपाका नेताद्वय डा. प्रकाशचन्द्र लोहनी र पशुपतिशम्शेर राणालाई पार्टीले समानुपातिक सूचीमा राखेकाले उनीहरूको संसद् यात्रा लगभग सुनिश्चित रहेको दुवै पार्टी निकट स्रोतले जनाएका छन् । कांग्रेस प्रवक्ता एवं पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशशरण महत पनि यसपटक समानुपातिकको सूचीमा छन् ।

# आम निर्वाचन : प्रत्यक्षमा पाकाहरूकै वर्चस्व



❑ नेस संवाददाता

काठमाडौं – प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचनतर्फ युवा समूहबाट नगण्य मात्र प्रतिनिधित्व भएको छ । १ सय ६५ निर्वाचन क्षेत्रको नतिजा आउने क्रम अन्तिम चरणमा पुग्दा ४० भन्दा कम उमेर समूहबाट नगण्य प्रतिनिधित्व हुने देखिएको हो । निर्वाचन आयोगकाअनुसार निर्वाचित सदस्यहरु आठ जना मात्रै ४० वर्षभन्दा कम उमेरका छन् । ३० भन्दा कम उमेर समूहका दुई जना निर्वाचित भएका हुन् । अहिलेसम्म प्रत्यक्षमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सोविता गौतम कम उमेरकी निर्वाचित सदस्य हुन् । उमेर समूहमा सबैभन्दा बढी ५० देखि ६० वर्षका ५९ जना निर्वाचित भइसकेका छन् । ५० भन्दा तल उमेर समूहका ३८ जनाको प्रतिनिधित्व प्रत्यक्षतर्फबाट हुने देखिएको छ । सोमबार साँझसम्म सार्वजनिक भएको १ सय ५६ क्षेत्रको परिणामअनुसार ३० वर्षभन्दा कम उमेर समूहका २ जना, ३० देखि ४० उमेर समूहका ६ जना र ४० देखि ५० वर्ष समूहका ३० जना निर्वाचित भएका छन् । ५० देखि ६० उमेर समूहका ५९ जना निर्वाचित हुँदा ६० देखि ७० उमेर समूहबाट ४७ जना निर्वाचित भएको आयोगले जनाएको छ । १२ जना ७० वर्षभन्दा माथिका रहेकोमा तीन जना ८० वर्षमाथिका निर्वाचित सदस्य हुन् ।

# चर्चित कलाकारहरू चुनावी रंगमञ्चमा अस्वीकृत

❑ नेस संवाददाता

काठमाडौं – सिनेमा र रंगमञ्चमा धेरै रूचाइएका कलाकारहरु वास्तविक चुनावी रंगमञ्चमा अस्वीकृत भएका छन् । चुनावमा उम्मेदवारी दिएका प्रायः कलाकारहरूको पराजय हुँदा प्रदेशसभामा एकजना विजय भएका छन् । कांग्रेसबाट प्युठान 'ख' मा निर्माता रोज राणा निर्वाचित भएका हुन् । रिलको राजनीतिक श्रृङ्खलामा सफल भए पनि कलाकारहरु राजनीतिक जीवनमा असफल भएका हुन् । एमालेबाट दाङ-३ मा उम्मेदवारी दिएकी गायिका कोमल ओलीलाई काँग्रेसका दीपक गिरीले पराजित गरे । नायिका रेखा थापा राप्रपाबाट मोरङ-२ मा उम्मेदवारी दिएर चुनावमा होमिँदा नेपाली काँग्रेसका सुनिलकुमार शर्माले ४८ हजार ६ सय



३१ मतसहित जित हासिल गरे । एमालेका भानुभक्त ढकाल दोस्रो हुँदा रेखाले १० हजार ९ सय ९८ मतमा मात्र प्राप्त गरिन् । चलचित्रमा पहिलो नायिकाको दर्जामा रहेकी उनी चुनावमा तेस्रो स्थानमा खुम्चिन बाध्य भइन् ।

धादिङ-१ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएका 'स्ट्यान्डअप कमेडियन' तथा कलाकार हिमेश पन्तले १२ हजार चार सय ७५ मत प्राप्त गरे पनि जितको लागि सो मत पर्याप्त भएन । सो क्षेत्रमा नेकपा एकीकृत समाजवादीका राजेन्द्र पाण्डे विजयी भए । काठमाडौं-६ मा स्वतन्त्र उम्मेदवारी दिएका पपगायक सञ्जय श्रेष्ठ र कलाकार मधुसूदन पाठक 'सिते बा' र निर्देशक मनोज पण्डितले मतदाताहरूको मन जित्न सकेनन् । कलाकार तथा वितरक करण श्रेष्ठले लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका तर्फबाट काठमाडौं क्षेत्र नम्बर १ 'ख' तर्फ उम्मेदवारी दर्ता गराएका गिए । यस क्षेत्रमा नेपाली कांग्रेसका सुरेशचन्द्र लामिछाने चार हजार पाँच सय १० मतसहित जित हासिल गरे । कलाकार श्रेष्ठलाई ६७ मत मात्रै प्राप्त भयो ।

# बढ्यो हवाई यात्रामा चाप




❑ नेस संवाददाता

काठमाडौं – आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यात्रा गर्ने यात्रुहरूको संख्या यस वर्ष उल्लेख्य बढेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) बाट सन् २०२२ को १० महिनामा ६४ लाख ८५ हजारले यात्रुले देश तथा विदेशमा यात्रा गरेका छन् । जब कि, गत वर्षभरिमा आन्तरिक र अन्तर्राष्ट्रिय यात्रा गर्ने यात्रुहरूको कुल संख्या ४९ लाख ८५ हजार थियो । यस वर्षको १० महिना (जनवरी-अक्टोबर) मा त्रिभुवन विमानस्थल भएर आन्तरिक यात्रा गर्ने यात्रुको संख्या ३७ लाख १५ हजार पुगेको छ । यस्तै, २७ लाख ७० हजार यात्रुहरूले अन्तर्राष्ट्रिय यात्रा गरेको त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ । यो तथ्याङ्कमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए), पोखरा, नेपालगञ्ज, सुर्खेत, विराटनगरलगायत विमानस्थललाई बेस बनाएर यात्रा गरेका यात्रुहरूको संख्या जोडिएको छैन ।

२ जेठदेखि भैरहवामा कुवेतको जजिरा एयरवेजले सातामा तीन अन्तर्राष्ट्रिय उडान गरिरहेको छ । पोखराबाट नेपालगञ्ज, भैरहवा, भरतपुर, सिमरा, जनकपुर, विराटनगरलगायत प्रादेशिक उडान भइरहेको छ । सीता, तारा, समिट एयरलाइन्सले पोखरा, नेपालगञ्ज, सुर्खेत, विराटनगर, रामेछापलगायत विमानस्थलाई बेस बनाएर दुर्गम क्षेत्रका गन्तव्यमा उडान गर्दै आइरहेका छन् ।

सन् २०२१ मा वर्षभरि त्रिभुवन विमानस्थल भएर १४ लाख ४४ हजार यात्रुले अन्तर्राष्ट्रिय र ३५ लाख ४२ हजारले यात्रुले आन्तरिक गन्तव्यमा यात्रा गरेको तथ्याङ्क छ । कोभिड महामारीपछि सन् २०२१ मा आन्तरिक हवाई यात्रु उल्लेख्य बढेका हुन् । पछिल्लो समय आन्तरिक उडान गर्ने ठूला जहाजहरूको संख्यामा वृद्धि हुनुका साथै सडकको अवस्था पनि अत्यन्तै नाजुक हुँदा हवाई यात्रु बढिरहेको वायुसेवा कम्पनीको दाबी छ ।

# विप्लवद्वारा कम्युनिष्टहरूबीचको एकतामा जोड

❑ नेस संवाददाता

काठमाडौं – नेपालका नदीमा र समुद्रमा पनि नेपालको आफ्नै पानीजहाज चलाउन पानीजहाज कार्यालय खोलिएको चार वर्ष बित्न लाग्दा पनि पानीजहाज चल्ने सुर छैन । कानूनी अन्योलबीच खोलिएको पानीजहाज कार्यालयले नयाँ ऐन र नियमावलीको प्रस्तावसम्म गरेको छ तर ती पनि बन्ने वा नबन्ने निश्चित छैन ।

सरकारले आइतबारमात्र केही नेपाल ऐन संशोधन गर्ने विधेयकमा पानीजहाज दर्ता ऐनमा पनि संशोधनको प्रस्ताव गरेको छ तर त्यसमा पानीजहाज सञ्चालनभन्दा पनि कसुरसम्बन्धी व्यवस्था मात्र छ । सरकारले पाँच दशकदेखिको पानीजहाजको सपनालाई मूर्त रूप दिने भन्दै ललितपुरको एकान्तकुनामा कार्यालय स्थापना गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७५ फागुन २ गते पानीजहाज कार्यालयको उद्घाटन गरेका थिए ।

उद्घाटन भाषणमा उनले कार्यालय स्थापना भएपछि 'केही महिनामै पानीजहाज चढ्ने टिकट काटिने' दाबी गरे तर, केही महिना आएनन् । पानीजहाज कार्यालयका चार वर्ष त्यसै बिते । कार्यालय उद्घाटनसँगै आशावादी भएर केही लगानीकर्ताले पानीजहाजमा लगानी पनि गरे । पन्ध्र करोड रूपियाँभन्दा बढीको लगानीमा नारायणी



नदीमा सञ्चालन गर्ने गरी बनाइएको 'क्रुज' (एक किसिमको पानीजहाज) लामो समयदेखि नदी किनारमै 'ग्राउन्डेड' छ । दुई वर्षअघि नै राइनो वाटर इन्टरटेनमेन्ट प्रालिले निर्माण सम्पन्न गरेको सो 'क्रुज' को नारायणीमा परीक्षण गरिए पनि नियमित सञ्चालनमा ल्याउन नसकिएको हो ।






# ६ महिनामा साढे तीन लाख युवा बिदेसिए

❑ नेस संवाददाता

काठमाडौं – विगत ६ महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि साढे तीन लाखभन्दा बढी नेपाली कामदार बिदेसिएका छन् । वैदेशिक रोजगार विभागको गत वैशाखदेखि असोज महिनासम्मको तथ्याङ्कअनुसार तीन लाख ७२ हजार तीन सय ५४ युवाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । जसमध्ये दुई लाख ३९ हजार ६ सय दुईले पहिलो श्रम स्वीकृति लिएर बिदेसिएका हुन् ।

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा



जाने कामदारमध्ये मलेसिया जाने कामदारको हिस्सा ५० प्रतिशत छ । विगत ६ महिनाको अवधिमा एक लाख २२ हजार ६ सय १८ नेपाली कामदार मलेसिया पुगेका छन् । यो संख्या विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने कामदारको करीब ५० प्रतिशत हो । युनाइटेड अरब इमिरेट्स जाने नेपाली कामदारको संख्या २९ हजार पाँच सय ३५ छ । दुई हजार सात सय ८६ ले बहराइन जानका लागि विभागबाट श्रम स्वीकृति लिएका छन् । २० हजार ६ सय ५१ ले कुवेत रोजगारीका लागि स्वीकृति लिएका छन् । एक हजार ६ सय ५६ ले ओमान र २८ हजार सात सय ७० नेपाली युवाले कतार रोजगारीका लागि विभागबाट श्रम स्वीकृति लिएका छन् ।

# पोखरा विमानस्थल सञ्चालनका लागि तयार




❑ नेस संवाददाता

काठमाडौं – पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ‘ क्यालिब्रेसन फ्लाइट’ सम्पन्न भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार १ मंसिरदेखि सुरू भएको यान्त्रिक क्षमता परीक्षणका लागि हुने यस्तो उडान आइतबार सम्पन्न भएको छ । यससँगै पोखरामा उडान गरेको एरो थाईको जहाज नेपालगञ्ज लागेको छ ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार यो जहाजबाट अब नेपालगञ्ज, धनगढी, सुर्खेत र चन्द्रगढीमा उपकरणहरूको परीक्षण गरिने छ । यो जहाज ५ डिसेम्बरसम्म नेपालमै रहने भएको छ । आन्तरिक विमानस्थलका उपकरण जाँचमा नियमित परीक्षण उडान यस जहाजबाट हुन लागेको हो ।

प्राधिकरणका अनुसार क्यालिब्रेसन उडानमा यान्त्रिक उपकरणहरू जाँच गर्न सक्ने प्राविधिकहरू रहेका छन् । उनीहरूले अबको तीन सातामा विमानस्थलमा भएको यान्त्रिक क्षमता परीक्षण उडानको प्रतिवेदन नेपाल नागरिक उड्डयन प्राधिकरणलाई दिने छन् । प्रवक्ता निरौलाका अनुसार यस्तो प्रतिवेदन आइपुग्न २०/२१ दिनसम्म लाग्ने छ । त्यसपछि यो रिपोर्टलाई प्राधिकरणले सार्वजनिक रूपमा प्रकाशन गर्छ ।

प्रतिवेदनले विमानस्थल व्यवसायिक उडानमा योग्य भएको प्रतिवेदन दिएमा पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलमा व्यावसायिक परीक्षण उडान हुने छ । सो परीक्षण समेत सफल भएमा भने वायुसेवा कम्पनीहरूले नियमित उडान गर्न सक्नेछन् । प्राधिकरणले यान्त्रिक परीक्षण उडानको प्रतिवेदन आएपछि विमानस्थलमा उडान गर्न कम्पनीहरूलाई आह्वान गर्नेछ ।

# लगानी बराबरकै लाभांश फिर्ता

❑ नेस संवाददाता

काठमाडौं – नेपालमा भित्रिएको विदेशी लगानी बराबर नै लगानीकर्ताले लाभांश फिर्ता लगेको पाइएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक (असोज) सम्मको आर्थिक तथा वित्तीय प्रतिवेदनअनुसार विदेशी लगानीकर्ताले तीन महिनामा एक अर्ब ८० करोड रूपियाँ लाभांश लगेका हुन् । जब कि सोही अवधिमा नेपालमा केवल एक अर्ब ८८ करोड रूपियाँको विदेशी लगानी भित्रिएको तथ्याङ्कले देखाउँछ । यस हिसाबले नेपालमा भित्रिएको लगानीभन्दा फिर्ता लगेको लाभांश केवल आठ करोड रूपियाँले मात्र



कम हो, जुन लगानी र लाभांश फिर्ताको अनुपातमा अत्यन्त न्यून हो ।

लगानीकर्ताले तीन महिनामा लगेको लाभांश विगत दुई वर्षकै कुल लाभांशभन्दा पनि बढी हो । गत आवमा लगानीकर्ताले कुल ६५ करोड ८७ लाख रूपियाँ मात्र लाभांश फिर्ता लगेका थिए । गत आवको तीन महिनामा भने २३ करोड १५ लाख रूपियाँ मात्र लाभांश फिर्ता लगेको तथ्याङ्कले देखाउँछ । त्यसअघि आव २०७७/७८ मा लगानीकर्ताले कुल ३९ करोड ६७ लाख रूपियाँ मात्र लाभांश लगेका थिए । सोही आवको तीन महिनामा जम्मा ५४ लाख रूपियाँ मात्र लाभांश फिर्ता भएको देखिन्छ ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार विदेशी लगानीकर्ताले चाहेमा प्रचलित नेपाल कानूनबमोजिम लाग्ने सबै कर भुक्तान गरी विदेशी लगानीबाट प्राप्त मुनाफा वा लभांशबापतको रकम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई परिवर्त्य विदेशी मुद्रामा फिर्ता लैजान पाउँछन् ।

# एमसिसीद्वारा विश्वव्यापी बोलपत्र आह्वान

MILLENNIUM
CHALLENGE CORPORATION

❑ नेस संवाददाता

काठमाडौं – मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए-नेपाल) ले प्रसारण लाइनको ठेक्का आह्वान गरेको छ । पूर्वनिर्धारित तालिकाअनुसार एमसीएले तीन वटा प्याकेजमा ठेक्का आह्वान गरेको हो । नेपाल सरकार र अमेरिकाको मिलिनियम च्यालेञ्ज कर्पोरेसनबीच २०२३ को अगस्ट (२०८० को साउन/भदौ) देखि आयोजना कार्यान्वयन गर्ने सहमति भएअनुसार टेन्डर भएको हो । करीब ३ सय १५ किलोमिटर लामो ४ सय केभी क्षमताको विद्युत प्रसारणलाइन तथा तीन वटा ४ सय केभी क्षमताका सब-स्टेसन निर्माण गर्न टेन्डर भएको हो । एमसीए नेपालका प्रवक्ता राजीव दाहालका अनुसार लप्सीफेदी-रातमाटे-हेटौंडा १ सय १७ किलोमिटर, रातमाटे-न्यू दमौली ९० किलोमिटर र न्यू दमौली-न्यू बुटवल ९० किलोमिटरको खण्डको ठेक्का भएको छ । दाहालका अनुसार न्यू दमौली-न्यू बुटवल ९० किलोमिटर खण्ड बनाउनेले न्यू बुटवलदेखि भारतीय सीमासम्म बनाउने गरी ‘ अप्सन’ मा राखिएको छ ।

‘भविष्यमा न्यू दमौली-न्यू बुटवल खण्ड बनाउनेले नै भारतीय सीमासम्मको १८ किलोमिटरको खण्ड बनाउन दिन सकिने गरी टेन्डर आह्वान गरेका छौं’ उनले भने । निर्धारित समयमा निर्माण सुरू हुन नसकेकाले आयोजनाको लागत बढेका कारण १७ किलोमिटरको खण्डलाई एमसीएले ‘अप्सन‘मा राखेको छ ।

टेन्डर प्रक्रिया पुरा गर्न करीब १ सय ८० दिनको समय लाग्नेछ । नेपाल सरकार र अमेरिकाको मिलिनियम च्यालेञ्ज कर्पोरेसनबीच अगस्ट २०२३ देखि ५ वर्षको अवधि राखेर आयोजनाको निर्माण सुरू गर्ने समझदारी भइसकेको छ । ठेक्का सम्झौता भएपछि सेप्टेम्बर २०२३ बाट निर्माणको काम सुरू हुने प्रवक्ता दाहाल बताउँछन् ।

सरकारले आयोजनाको पूर्वतयारीको काम गर्न चालु आर्थिक वर्ष २०७९/८० मा ९ अर्ब २७ करोड ९७ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । चालु आव २०७८/७९ को तुलनामा दोब्बरले बजेट बढाएर आयोजनाको पूर्वतयारी सकाउने गरी काम भइरहेको एमसीए नेपालले जनाएको छ ।

# यस्तो छः दलहरुले पाएको समानुपातिक मत

❑ नेस संवाददाता

काठमाडौं – मंसिर ४ गते भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउनेक्रम जारी छ । प्रत्यक्ष र समानुपातिकतर्फको मतगणना करीब अन्तिम चरणमा पुगेको छ । मंगलबार बिहान साढे ६ बजेसम्मको मतपरिणाम अनुसार प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ नेकपा (एमाले) अग्रस्थानमा कायमै छ । एमालेले २५ लाख ७० हजार ८ सय २३ मत पाएको छ । दोस्रो स्थानमा रहेको नेपाली काँग्रेसले २४ लाख ३८ हजार ६ सय ४४ मत ल्याएको छ । नेकपा (माओवादी केन्द्र) तेस्रो स्थानमा छ ।




माओवादी केन्द्रले १० लाख ९२ हजार ५ सय ७७ मत पाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी अहिले चौथो स्थानमा । उक्त पार्टीले १० लाख ७० हजार २ सय ५३ मत प्राप्त गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ५ लाख ४९ हजार १ सय ९८ मत पाएको छ ।






# जापानमा भिरिंगी रोग बढ्दै




❑ नेस संवाददाता

टोकियो - जापानमा अहिले भिरिंगी रोग वृद्धि भएको पाइएको यहाँको स्वास्थ्य विभागले जनाएको छ । राष्ट्रिय संक्रामक रोग संस्थानको अध्ययन अनुसार यस वर्ष अक्टोबर २३ सम्म जापानमा १० हजार १ सय ४१ वटा यौन रोगका घटनाहरु रिपोर्ट भएका छन् । रेकर्डमा नभएका संक्रमणका केसहरू धेरै हुन सक्ने र संक्रमण भएर लुकेका मानिसहरूको समेत तथ्याङ्क हेर्दा यो संख्या ठूलो हुनसक्ने आशंका गरिएको छ । जापानमा यौन रोग सन् २०१३ देखि बढ्दै आएको छ । संक्रमितको संख्या दश हजार नाघेको भने यो पहिलो पटक हो ।

रोग विष्फोट भएझैं फैलिएको र नयाँ संक्रमण दर तिब्र भएको देख्दा स्वास्थ्य अधिकारीमा चिन्ता बढेको छ । केही स्वास्थ्य विशेषज्ञहरूले यसरी संक्रमण फैलिनुको मुख्य कारण डेटिङ एप भएको आरोप लगाएका छन् ।

प्रान्त अनुसार हेर्दा टोकियोमा भिरिंगी रोगले सक्रमितको संख्या २ हजार ८ सय ८० रहेको छ । त्यसैगरी ओसाकामा १ हजार ३ सय ६६, आइचीमा ५ सय ७३ र होक्काइदोमा ४ सय ४३ रहेको छ । भिरिंगीलाई अंग्रेजीमा सिफिलिस (Syphilis) भनिन्छ । विशेषगरी असुरक्षित यौन सम्पर्कका कारणले यो रोग लाग्ने गर्छ । ब्लड ट्रान्सफ्युजनबाट पनि यो सर्न सक्छ । त्यसैगरी गर्भवती महिलालाई भिरिंगी भएको छ भने पेटमा भएको बच्चालाई पनि सर्न सक्छ ।

भिरिंगीलाई सामान्यतयाः तीन भागमा विभाजन गरिएको छ । लक्षण पनि सोही अनुसारको देखिन्छ । पहिलो अवस्थाको भिरिंगीमा यौनांगमा नदुख्ने नचिलाउने सर्टको बटन जस्तो कडा खालको घाउ आउँछ । यो सामान्यतया एउटा मात्र आउँछ । यस्तो घाउ असुरक्षित सम्पर्कको ९ देखि ९० दिनसम्म आउन सक्छ । घाउ उपचार नगरेपनि ३ देखि ६ हप्तामा आफै निको हुन्छ । यस्तो घाउ आएको करीब ३ हप्तापछि रगत जाँच गर्दा किटाणु देखिन्छ ।



दोस्रो अवस्थाको भिरिंगीमा पहिलो अवस्थाको घाउ देखेको करीब ६ हप्तापछि आउँछ । यो अवस्थामा हातखुट्टा, जिउमा नदुख्ने नचिलाउने खटिराहरू देखिन्छन् । त्यसैगरी ज्वरो आउने घाँटी दुख्ने, जोर्नी दुख्ने जस्ता समस्याहरू पनि देखिन्छन् । तेस्रो अवस्थामा भने यो रोगले आँखा, नशा, मुटु तथा जोर्नीमा असर गर्छ । कुनै मानिसलाई पहिलो अवस्थाको रोग नदेखिकन दोस्रो वा तेस्रो अवस्थाको रोग देखिन पनि सक्छ । पहिलो तथा दोस्रो अवस्था भिरिंगी भने सहजै उपचार गर्न सकिन्छ । सामान्य औषधिको प्रयोगले यो निको हुन्छ । तेस्रो अवस्थाको उपचार भने केही जटिल छ । अरु विधाका चिकित्सक मिलेर उपचार गर्नुपने हुन्छ । उपचारमा आएका बिरामीमध्ये महिलाभन्दा पुरूषमा बढी यो देखिएको छ ।

# फिफा विश्वकप
## फुटबलमा सबैको मन जित्दै जापान

❑ नेस संवाददाता


टोकियो - कतारमा जारी विश्वकप फुटबलको दोस्रो खेलमा एसियाली देश जापान कोस्टारिकासंग पराजित भएको छ । तर ४ पल्टको विश्व च्याम्पियन जर्मनीलाई पराजित गर्दै विश्वभरी छरिएर रहेका फुटबल समर्थकको मन जित्यो । अहिले दोहामा जापानीहरु त्यो जितको कारणले मात्र होइन, सफाईको नयाँ पाठ सिकाउँदै सबैको मन जित्न सफल भएका छन् ।

प्रायः खेलपछि फुटबल स्टेडियमहरु खाना, खाली कपलगायत फोहोरले भरिएका हुन्छन् । तर, जापानका समर्थकहरु भएका स्टेडियममा भने त्यस्तो भएन । आफ्नो टोलीको जीत, हार जे सुकै भए पनि उनीहरूले खलिफा अन्तर्राष्ट्रिय स्टेडियम सफा गर्न लागे । जापानी समर्थकले रंगशाला



सफा गरेको घटना नयाँ होइन । चार वर्षअघि रूसमा आयोजित विश्वकपमा बेल्जियमविरूद्ध ३-२ को हार बेहोरेपछि पनि जापानका समर्थकहरूले स्टेडियम सफा गरेका थिए । जापानी समर्थकका साथै जापानी खेलाडीहरु पनि आफ्नो 'लकर रुम' आफैले सफा गरे । फिफाले जापानी खेलाडी र समर्थकको यो कार्यको मुक्तकण्ठले पशंसा गरेको छ ।

# नेपालमै भेटियो ४८ वर्षअघि हराएको बुद्धको मूर्ति



❑ नेस संवाददाता

काठमाडौं - काभ्रेको बनेपा नगरपालिका-८ बाट २०३१ सालमा हराएको शाक्यमुनि बुद्धको मूर्ति राष्ट्रिय संग्रहालय छाउनीमा फेला परेको छ । हराएको उक्त मूर्ति अष्ठधातुबाट निर्मित थियो । बही ज्ञानमाला भजन खलका अध्यक्ष नरेन्द्रनाथ श्रेष्ठकाअनुसार बहिटोलबाट हराएको उक्त मूर्ति आगामी बुधबार बाजागाजासहित स्थानियवासी र नगरपालिकाको संयुक्त पहलमा सोही स्थानमा प्रतिस्थापन गरिनेछ । प्रतिस्थापन गर्नुअघि मूर्तिलाई नाला तीनदोबाटोदेखि टेलिकम हुँदै नगर परिक्रमा गराउने कार्यक्रम तय भएको छ ।

मन्दिरबाटै चोरी भएको बुद्धको मूर्ति केही समयअघि नै काठमाडौंस्थित राष्ट्रिय संग्रहालय छाउनीमा रहेको सूचना पाए पनि अहिले ल्याउने तयारी थालिएको अध्यक्ष श्रेष्ठले बताए । पुरातत्व विभागको सक्रियतामा मन्दिरको पुनः निर्माणपछि मात्र पूर्ण सुरक्षा



र व्यवस्थापनका साथ मूर्तिको प्रतिस्थापन गर्न लागिएको उनको भनाइ छ । मूर्ति हराउनुअघि मन्दिरको अवस्था र व्यवस्थापन प्रभावकारी नभएकाले मूर्ति हराएको स्थानीयवासीको भनाइ छ । पुरातत्व विभागले रू एक करोडको लगानीमा मन्दिरको पुनः निर्माण गरेको छ ।

# हिउँ चितुवाका 'फेक तस्बिर' हटाइने

❑ नेस संवाददाता

काठमाडौं - अमेरिकी फोटोग्राफर भनिएकी कित्तिया पाव्लोभ्स्कीले नेपालको खुम्बु क्षेत्रमा पुगेर खिचेको दाबी गरिएका भाइरल तस्बिरहरु अमेरिकी दूतावासले आफ्नो सामाजिक सञ्जालबाट हटाउने भएको छ । अमेरिकी फोटोग्राफरले खिचेको तस्बिर भन्दै केही समयअघि दूतावासले उक्त फोटोहरु आफ्नो फेसबुक र इन्स्टाग्राम पेजबाट सेयर गरेको थियो जुन त्यतिबेला निकै चर्चित पनि भएको थियो । अहिले आएर फ्रान्सेली अल्पाइन म्यागाजिनका विज्ञहरूले सो तस्बिर सम्पादित र विभिन्न तस्बिरहरूको मोन्टाज भएको भन्ने प्रमाण प्रस्तुत गरेपछि कित्तिया सामाजिक सञ्जालहरूबाट गायब भएकी छिन् ।



तर उनको वेबसाइटमा अझै पनि उनको यात्रा विवरण र तस्बिरहरु यथावत छन्, जहाँ उनले आफूले अमेरिकी दूतावाससँग काम गरेको दाबी पनि गरेकी छन् । 'हामी केही समयअघि हामीले सेयर गरेका तस्बिरहरु हटाउँदैछौं,' पोस्टमा भनिएको छ, 'उनले दाबी गरेजस्तो हाम्रो उनीसँग कुनै साझेदारी छैन ।'

तथ्यजाँच लेखको बारेमा आफूले थाहा पाएको र फोटोग्राफरले आफ्नो सामाजिक सञ्जालहरु बन्द गरेपनि वेबसाइट अझै सञ्चालनमा रहेको पनि दूतावासले आफ्नो पोस्टमार्फत जानकारी गराएको छ । सामाजिक सञ्जालमा सेयर भएका पोस्टहरु नहटाउने र हटाउनुपर्ने भएमा जानकारी दिएर हटाउने अन्तर्राष्ट्रिय प्रचलन रहेको छ । यो सबै विवादका बीचमा फोटोग्राफर भनिएकी कित्तियाको तर्फबाट यो समाचार लेख्दासम्म केही औपचारिक प्रतिक्रिया आएको छैन । ती तस्बिरहरु वास्तविक नभएको बाहिर आएपछि सामाजिक सञ्जालमा अमेरिकी दूतावासलाई मेन्सन गरेर प्रश्न सोध्ने र हँसिमजाक गर्ने क्रम भने जारी रहेको छ ।

भिसा प्रोसेस कसरी गर्ने भन्ने चिन्तामा हुनुहुन्छ?

इमिग्रेशन र भिसासंग सम्बन्धित कामका लागि समस्यामा हुनुहुन्छ भने हामी साथ दिन्छौं । विदेशीहरुले जापानमा काम गर्न या जीवन यापन गर्नका लागि बिधिवतरुपमा प्रक्रिया गर्नु आवश्यक हुन्छ । त्यसका लागि बर्षौंको अनुभवले खारिएका सम्बन्धित बिषयका ज्ञाताहरुबाट सेवा लिने अवसर नगुमाउनुहोला ।

- ✔ वर्किङ भिसा
- ✔ अन्तरराष्ट्रिय बैबाहिक भिसा
- ✔ एइजुकेन (पर्मानेन्ट रेसिडेन्ट)
- ✔ सम्झौतापत्रको तयारी
- ✔ कम्पनी दर्ता (बिजनेश भिसा)
- ✔ नेपालबाट डिपेन्डेन्ट (आश्रित)
- ✔ जापानी पासपोर्ट (किका)

Scan to Visit Our Website



AIKYO VISA OFFICE
Higashi Funabashi 4-30-8 (207) Funabashi-Shi
Chiba-Ken, 273-0002 Japan

Tel: 047-409-8028
Fax: 047-409-2078
Mobile: 070-3977-8316 (Viber)
Messanger: m.me/koichiaikyo
Email: support@aikyo-gyosei.jp/
Web: https://visa.aikyo-gyosei.jp/

कोवायासी भिसा सर्भिस
सेवाहरु (Services)

| | |
|---|---|
| भिसा नवीकरण | लाग्ने खर्च: 9,800 येन् |
| स्थायी भिसा (एईज्यु) | लाग्ने खर्च: 50,000 येन् |
| भिसाको प्रकृति परिवर्तन | लाग्ने खर्च: 35,000 येन् |
| नयाँ भिसा सम्बन्धी काम | कुकको लाग्ने खर्च: 50,000 येन्<br>डिपेन्डेन्टको लागि: 50,000 येन् |
| कम्पनी स्थापना | लाग्ने खर्च:आपसी सहमतीमा तय गरिने |

Contact for Details
Tokyo Taian Gyouseisyoshi Office
Tel.: 03-6279-3353
Tel.: 03-6908-5805
Mob.: 080-4186-2102 (Softbank)
(Time: 10:00 AM-20:00 PM)
Shinokubo Lions Mansion 409, 2-4-5 Hyakunicho, Shinjuku-ku, Tokyo, Japan



नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने हिरोनारी कोवायासी
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस
http://www.tokyotaian.com

# स्वतन्त्रको उदय...

पृष्ठ १ को बाँकी

*प्रतिनिधिसभा सदस्य बने । संघीयताको विरोध गर्ने तर त्यही व्यवस्थाको लाभ लिन पनि* नछोड्ने कट्टरपन्थी कम्युनिस्ट नेता केसी यसपटकको चुनावले देखाएको परिणामले देशमा थप अस्थिरता पैदा हुने देख्छन् । अहिलेको निर्वाचन, यसले देखाएको संकेत र भावी सत्ता समीकरण लगायतको विषयमा अध्यक्ष केसीसँग नेपाली समचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश :-

**जसरी बहुमत ल्याएर फेरि पनि गठबन्धन सरकार बनाउने उद्घोषसहित निर्वाचनमा जानुभएको थियो त्यो पूरा भएन, यो परिणामलाई तपाईले कसरी लिनुभएको छ ?**

तुलनात्मक रूपमा गठबन्धनले प्रगति गरेको छ तर, गठबन्धनमा समेत रहेका दलहरूले धेरै ठाउँमा इमान्दारिता देखाएनन् । गठबन्धन गरेर गइसकेपछि निर्णय भएका कुराहरूलाई कार्यान्वयन गर्न पनि उनीहरूले आनाकानी गरे । जसका विरूद्ध लड्नलाई गठबन्धन बनेको हो कतिपय ठाउँमा उसैलाई फाइदा पुर्‍याएको देखियो । गठबन्धनका पार्टीभित्रै टिकटका लागि मारामार भयो, टिकट नपाउने कोही हराउन लागे, कोही अर्को पार्टीमा पनि गए । गठबन्धनभित्र अनुशासनले काम गरेन । नेपालको राजनीतिक पार्टीमा परिपक्कता आएन । जसका कारण गठबन्धनले सरकार निर्माण गर्न पुग्नेसमेत बहुमत नल्याउने निश्चित भयो ।

**संसद्मा राष्ट्रिय स्वतन्त्र पार्टीदेखि सीके राउत, रेशम चौधरीसम्मका पार्टीको उपस्थिति हुने भयो, सत्ता समीकरण कस्तो बन्ने के देख्नुहुन्छ ?**

साँच्चै भन्दा यो निर्वाचनले राम्रो सन्देश दिएन । फेरि पनि अस्थिरता, सत्ताका लागि बार्गेनिङ, जोड घटाउ चल्ने भयो । प्रतिगमनका विरूद्ध बनेको गठबन्धनले बहुमत ल्याउँछ कि भन्ने थियो तर त्यस्तो भएन । फेरि सांसदहरू खरिद बिक्री गर्ने, सत्ता र शक्तिका लागि जे पनि गर्ने प्रवृति मौलाएर देशमा अराजकता निम्तिने संकेत देखिएको छ । अब पनि नेपालीको नियति फोहोरी संसदीय खेलकै चपेटामा पर्न सक्ने देखियो । मुलुक फेरि पनि यिनै राजनीतिक पार्टीका कारण अस्थिरतातिर जाने भयो ।

**निर्वाचन परिणामले धेरै ठाउँमा नयाँ पार्टीहरूलाई उदय गराएको छ, किन पुराना दलहरुले आफ्नो विरासत जोगाउन सकेनन् ?**

नयाँ पार्टीको कुनै भिजन र कार्यक्रम नै छैन । तर, पनि यो निर्वाचनले ठूला शक्तिहरूमा असन्तुष्टि भएको, काम गराइको तौरतरिका ठीक छैन भन्ने सन्देश दिएको छ । यो ठूला दलहरूमाथि मतदाताको आक्रोश हो । यो नयाँ पार्टी विद्रोह गरेर आएको होइन, फेसबुके जमातले आएको हो, यो अस्थिर हुन्छ, यसको विश्वास छैन । यो मतदाताको आक्रोशको थुप्रो हो । देश निर्माणका लागि त एउटा नीति भिजन हुनुपर्छ । उहाँहरूले काँग्रेस, एमाले र माओवादीलाई गाली गरेर तानेको भोट हो यो । यो सँधैं स्थिर हुँदैन । पुराना र ठूला भनिएका दलका नेताहरू पनि पद र पैसाका लागि जे पनि गर्ने भए । सत्ता स्वार्थ र व्यक्तिगत फाइदाका लागि पार्टी बदल्ने तर जनताको हितमा काम नगर्ने हुँदा पुराना र ठूला भनिएका पार्टीसँग पनि जनता रूष्ट भएकै हुन् । पार्टी र नेताहरूले जुन परिचय देखाएका छन्, व्यवहार गरेका छन्, त्यसले जनतामा पार्टीहरूप्रति अनास्था बढ्दै गइराखेको प्रमाण हो, यो ।

**२०७४ मा संघ र प्रदेशमा गरी ५ संसद् पठाएको राष्ट्रिय जनमोर्चा यसपटक निकै खुम्चियो, कुनै प्रदेशमा प्रतिनिधित्व हुने देखिएन, चुनावले कसलाई फाइदा पुग्यो त ?**

फाइदा स्थिरता नचाहनेलाई पुग्यो र घाटा देशलाई पुग्यो । गठबन्धनको दल जसपाका उपेन्द्र यादव ठूलो भाग पाउँछु भनेर एमालेतिर गए तर आफै हारे । प्रतिगमनको विरूद्धमा आन्दोलन गरेका उपेन्द्र भागेर उनै (ओली) सँग मिल्न गए, उनले गल्ती गरे । लोसपा गठबन्धनतिर आए पनि बलियो बनेन । कांग्रेसभित्रै २-३ गुट छ, एकले अर्कोलाई सिध्याउने खालको । माओवादीको हालत पनि खराबै छ । गठबन्धन कसिलो नहुँदाको फाइदा एमालेलाई भयो । पुराना दल र नेताको व्यवहारले आजित जनताको मत नयाँ र स्वतन्त्र भनिएकाले पाए । पहिले वामपन्थी शक्तिले केपी ओलीलाई २ तिहाइको समर्थन दिएकै हुन् । यसपालि ओली पनि त्यति शक्तिशाली रहेनन् । उनका कमाण्डर तथा सारथीहरू पनि धेरैले हारे । अहमताले मात्तिएका ओलीको पनि सेखी झरेको छ ।

**सरकारमा जाँदैनौं, गुण र दोषका आधारमा समर्थन र विरोध गर्छौं भन्नुहुन्छ तर, ०७३ मा केपी ओली नेतृत्वको सरकारमा गएर अडान तोड्नुभयो, अब के गर्नुहुन्छ ?**

सरकारमा जाने कुनै योजना छैन । एकजना के सरकारमा टाँसिन जाने ? सत्ताको खेल जसले आफ्नो पक्षमा पार्छ, हामी त केवल टुलुटुलु हेरेर बस्ने र खबरदारी गर्ने मात्रै हो । जहाँसम्म ०७३ को कुरा उठाउनु भएको छ त्यतिबेला हामीले हाम्रो संविधान बनाएबापत भारतले नाकाबन्दी गर्‍यो । सुरूमा संविधान नै बन्न दिएन, पार्टीहरूले नमानेर संविधान जारी गरेपछि नाकाबन्दी गर्‍यो । एमालेका अध्यक्ष केपी ओलीले नाकाबन्दीको सामना गर्नुपर्‍यो र सरकारमा सहकार्य गरौं भनेपछि गएका हौं । कांग्रेस लगायतका दल नाकाबन्दीका विरोधमा नबोलेको अवस्थामा ओलीले नाकाबन्दीविरूद्ध अडान लिएकाले सरकारमा सहभागी भएको हो । अब सरकारमा जाने पार्टीको कुनै निर्णय छैन ।

**तपाई पटक पटक गणतन्त्र खतरामा छ भन्नुहुन्छ, गणतन्त्र खतरामा पर्दा त स्वतः संघीयता पनि खतरामा पर्छ, संघीयता खतरामा पर्ने कुरा त तपाईहरूका लागि उपलब्धि होला नि ?**

संघीयता त नेपाली जनतालाई भालुको कम्पट भइसकेको छ । संघीयता खत्तम पार्नका लागि गणतन्त्र खत्तम पार्नुपर्छ भन्ने कुरा त गलत हो नि । गणतन्त्र जोगाउनु पर्छ । संघीयता खारेज गर्नुपर्छ । स्वयम गणतन्त्र पक्षधरहरूलाई संघीयता भालुको कम्पट भइरहेको छ । त्यसकारणले संघीयता खारेज हुनुपर्छ । गणतन्त्र सुरक्षित हुनुपर्छ । दलीय व्यवस्थाको विकल्प छैन । दलहरूले सत्ता र शक्तिमा गएपछि जुन गलत आचरण देखाइरहेका छन् त्यो हटाउनुपर्छ । जनताको समस्याभन्दा दलको, नेताको, व्यक्तिको समस्या प्रधान भएकोले गणतन्त्र अप्ठेरोमा परेको छ । दलीय व्यवस्था अप्ठेरोमा परेको छ । अब गणतन्त्र राखेर संघीयता खारेज गर्नुपर्छ । संघीयता जोगाउने नाममा गणतन्त्र खतरामा पार्न पाइँदैन ।

**एकातर्फ संघीयता खारेजको कुरा अर्कोतर्फ संघीयता पक्षकै दलहरूसँग मिलेमतो, यो त दोहोरो चरित्र भएन र ?**

जम्मै कुरा मिले त छुट्टाछुट्टै पार्टी नै हुँदै न नि । जोसँग भिन्न भिन्न विचार छन् तीसँग कार्यगत एकता हुन्छ । गठबन्धन हुन्छ । त्यसकारणले कोही एमसीसी बोकेर हिँड्ने छन् । कोही संघीयता बोकेर हिँड्ने छन् । मूलरूपमा प्रतिगमनको विरूद्धमा जो-जो छन् उनीहरूसँग गरिएको सहकार्य हो । भिन्न-भिन्न मत राखेर पनि त सहकार्य गर्न सकिन्छ नि । संघीयता छोडेर, एमसीसी छोडेर, नागरिकता विधेयक छोडेर एकता गरेको हो र ? हामीले विरोध गरिरहेका छौं ।

**तपाईलाई अझै आशा छ संघीयता खारेज हुन्छ भन्ने ?**

संघीयता खारेज नगर्नुको त उपाय नै छैन । संघीयता खारेज नगरे मुलुक कसरी बचाउनु हुन्छ ? यो पैसाले पुग्छ ? एउटा सिंहदरबार चलाउन कठिन भइरहेको छ अनि सात-सात वटा प्रदेश विश्व बैंकबाट ऋण लिएर चलाएर हुन्छ ? आठ-आठ ठाउँमा संसद, आठ-आठ ठाउँमा सरकार, आठ-आठ ठाउँमा संयन्त्र चलाउन सक्नुहुन्छ ? देश जोगाउने हो भने संघीयता खारेज गर्नुपर्छ ।

**अन्त्यमा, राजनीतिमा पुस्ता हस्तान्तरण र नयाँ अनुहारको खोजी भइरहँदा ८१ वर्षको उमेरमा पनि तपाई नै सांसद बन्नुपर्ने के आइलाग्यो ?**

कुनै पनि पार्टी र व्यक्तिको मूल्यांकन उसले बोकेको दर्शन, मान्यता र गतिविधिलाई आधार बनाएर गर्नुपर्छ, उमेरमात्रै होइन । नीति तथा सिद्धान्त ठीक बोकेका धेरै पाका मानिसले देशकै नेतृत्व गरेर विकसित बनाएका उदाहरण विश्वमा धेरै छन् । नयाँ नयाँ ठिटाहरू राजनीतिमा र संसदमा नपुगेका होइनन् तर अहिले कहाँ पुगे पुगे ? उनीहरूमा धैर्य भएन, राजनीतिमा धैर्य चाहिन्छ ।

# अबको संसद्मा नयाँ ....

पृष्ठ १ को बाँकी

*पार्टी तथा सिके राउतले नेतृत्व गरेको जनमत पार्टी संसद् प्रवेश गर्ने भएका हुन् । यी ३ पार्टीमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीले राष्ट्रिय पार्टीको रूपमा मान्यता पाउने निश्चित छ । यो समाचार तयार पार्दासम्म स्वतन्त्र पार्टीले प्रत्यक्षतर्फ ७ सिटमा विजयी भएको छ भने समानुपातिकतर्फ १० लाख ६४ हजार मत पाएको छ । नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी प्रत्यक्ष्यतर्फ ३ र १ सिटमा विजयी भएका छन् । समानुपातिकतर्फको पूरै परिणाम आउन बाँकी भएकाले कति सिट सुरक्षित हुन्छ भन्ने यकिन भएको छैन ।*

*यो बीचमा स्वतन्त्र पार्टी सरकारमा सहभागी हुन्छ या प्रतिपक्षमै बस्छ भन्ने चासो पनि बढेको छ । केही सीमा र सामर्थ्यसहित स्वतन्त्र पार्टी राजनीतिमा हस्तक्षेपकारी भूमिकामा आएको छ । मौलाउँदो भ्रष्टाचार, कमजोर पूर्वाधार र दोहोरिँदा उम्मेदवारले तयार पारेको निराशालाई स्वतन्त्र पार्टीले चुनावी उत्साहमा परिणत गरेको छ । अब प्राप्त जनमतलाई विश्वासमा परिणत गर्ने चुनौती अगाडि आएको छ । पार्टीको आफ्नै सैद्धान्तिक दृष्टिकोण भने स्पष्ट भइसकेको छैन, सांगठनिक संरचना पनि अपूरै छ । लामिछानेकै भनाइमा पनि तत्कालका लागि संगठन निर्माण नै सबैभन्दा ठूलो चुनौती हो । असार पहिलो साता गठन भएको पार्टीले ६४ जिल्लामा संगठन पुर्‍याएको छ, तर सबै समिति पूर्ण छैनन् ।*

*खासमा स्वतन्त्र पार्टी कुनै गठबन्धनको सरकारमा गएर भूमिका खेल्छ कि प्रतिपक्षमा बसेर कसरी प्रस्तुत हुन्छ भन्नेले पनि दलको भूमिका खुल्दै जाने देखिन्छ । बिद्रोह, सामाजिक आन्दोलन वा निरन्तर सांगठनिक अभ्यासबाट मात्र दल उदाउने इतिहास रहेका बेला फरक तरिकाले सतहमा आएको स्वतन्त्र पार्टीको आगामी यात्रा चुनौतीपूर्ण हुने आँकलन गर्छन्, राजनीतिशास्त्री जीवन बानियाँ । 'पुराना दलहरूप्रतिको वितृष्णा र निराशाबाटै यो दल प्रकट भएको छ । तर यतिबाट मात्रै समाजको अपेक्षा पूरा हुने देखिँदैन,' उनी भन्छन्, ' दलभित्र आबद्ध भएकाहरूबीच नै कुरा मिल्छ कि मिल्दैन, उनीहरूले समाज र अर्थतन्त्र विकासका निम्ति कस्ता सैद्धान्तिक अवधारणा बनाउँछन्, संसदमा कस्तो भूमिका खेल्छन् भन्ने महत्वपूर्ण हुन्छ ।'*

*नयाँ नामका दलहरूप्रति मतदाताले देखाएको आकर्षणलाई सम्बोधन गर्न सक्ने ती दलहरूसंग तत्काल कुनै नीति तथा योजना देखिदैन । पुराना दलहरूप्रति चुलिएको वितृष्णा र निराशाबाट विरक्तिएका मतदाताले एकपटक टेष्ट गरी हेरौं न भन्ने ध्येयले दायाँ बायाँ केही नसोची नयाँ दलहरूलाई मत हालेको देखिन्छ ।*

*यो जनमतलाई जोगाएरै राख्ने चुनौतीसंगै साँगाठानिक जनाधार र संयन्त्र बिनाका ती दलहरूको कार्यसम्पादन र डेलिभरी क्षमता हेर्न भने बाँकी नै छ । बरालिएको जनमतलाई आफुतिर तानेर भोटमा क्याश गरेजस्तै फिल्डमै उत्रेर काम गर्न भने त्यति सजिलो पक्कै हुने छैन ।*



सस्तो शुल्कमा उच्च गुणस्तिरीय वेवसाइट निर्माण गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।



CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

खाना, गाना बजानाको संगम
हाम्रो खाजा घर
राम्रो खाजा घर
शिनओकुबोमा टिपिकल नेपाली खानाको साथमा यहाँहरुको भेटघाट,अविस्मरणीय बसाई र भलाकुसारीका लागि शान्त र पारिवारिक वातावरणको अर्को नाम 'हाम्रोखाजाघर' लाई सम्झनुहोला । साँगीतिक माहौलमा बर्थ डे पार्टी, बिदाई पार्टी, एनिभर्सरी जस्ता मिनीपार्टी गर्नुपरेमा र मिष्ठान्न परिकारले स्वागत गर्दै चेलीबेटी एवं पाहुना खुवाउन परेमा अवश्य पाल्नुहोला ।पार्टीका लागि आवश्यकता अनुसार खानाका साथै गाना, बजाना, केक, ब्यानर र खादाको पनि ब्यवस्था छ ।
५ जनादेखि ३० जनासम्मको पार्टी बुकिङ् गरिन्छ ।
HAMRO KHAJA GHAR
TEL FAX 03-5937-3913
MOB 090-6095-5712
https://www.facebook.com/hamrokhajaghartokyo

# यसकारण आवश्यक, डिपेन्डेन्टको सही अभिलेख

## हेल्लो सेन्सेइ: ५७



जापानमा रहेका नेपालीहरूका लागि भिसा, यहाँको करप्रणाली, व्यवसायिक कारोवारको लेखा व्यवस्थापन र सो संग सम्बन्धित लाग्ने कर लगायतका विविध बिषयमा जानकारी होस भन्ने उद्देश्यले सुरू गरिएको स्तम्भ 'हेलो सेन्सेइ !' मा यसपटक हामी आश्रितहरूको बारेमा कर, सामाजिक बीमा र भिसासंग सम्बन्धि बिषयमा जानकारी गराउने प्रयास गरिएको छ । आश्रितहरु भन्नाले जीवनयापनका लागि आर्थिक सपोर्ट गर्दै आउनुभएको परिवारका सदस्यहरु जस्तै आफ्नो श्रीमान-श्रीमती, बच्चा, दाजुभाइदिदीबहिनी, बुबाआमालाई जनाउँछ । उहाँहरूको जीबनयापनकाका लागि आर्थिक सपोर्ट गर्दै आउनुभएको छ भने कर, सामाजिक बीमा सस्तो हुन सक्छ ।

हरेक वर्ष परिवारका आश्रित सदस्यहरूको विवरण गेन्सेन बनाउने बेलामा कम्पनीलाई जानकारी गराउनुपर्दछ । कम्पनीले उपलब्ध गराएको 'निर्भर छुटको घोषणा' (*Fuyoukojoshinkokusho*) पत्रमा आफ्नो परिवारका आश्रित सदस्यहरूको विवरण लेखी कम्पनीमा बुझाउनुपर्दछ । कम्पनीमा प्रवेश गर्दा र त्यसपछि हरेक वर्षको नोवेम्बर देखि डिसेम्बरसम्ममा कम्पनीले यो फाराम उपलब्ध गराउँदछन् ।

१. परिवारका आश्रित सदस्यहरू हुँदाको करको सम्बन्धमा: यदि परिवारका कुनै सदस्य जापानमा बस्छन् र उनीहरूको वार्षिक आय १ सय ३ मान येन वा सो भन्दा कम छ भने ती सदस्य आश्रित मानिने छ र कर सस्तो हुने छ । श्रीमान-श्रीमती पनि वार्षिक आय १ सय ३ मान येन भन्दा कम भएमा आश्रित परिवारमा समावेश गर्न सकिन्छ । यदि श्रीमान-श्रीमतीको आम्दानी १ सय ३ मान येन भन्दा बढी छ र २ सय १ मान येन वा कम छ भने आश्रितमा समावेश गर्न सकिँदैन, तर विशेष छूटको (Haigūshatokubetsukōjo) कारण कर सस्तो हुन जान्छ ।

जापानको नियम अनुसार रोजगारीका संलग्न जो कसैको तलबमा दुई प्रकारका कर लाग्छ । आयकर (राष्ट्रिय कर) र आवासीय कर (सिटी कार्यालय कर) । आयकर तलबबाट काटिने कर हो र काम गर्ने कम्पनीले राष्ट्रलाई तिर्नुपर्दछ । आवासीय कर अवस्था हेरिकन तलबबाट काटिने वा सिधै सिटी कार्यालयमा गएर तिर्नुपर्ने पनि हुन्छ । परिवारका सदस्यहरू जति धेरै आश्रित हुन्छन् त्यति नै तपाईको तलबको कर कम लाग्छ । १६ वर्ष भन्दा कम उमेरका बच्चाहरू भएको हकमा आयकर कम हुँदैन तर आवासीय कर कम हुन सक्छ ।

नेपालमा भएका आश्रितको हकमा सम्बन्धित ब्यक्तिको नाममा रहेको खातामा पैसा पठाएको हुनुपर्दछ । यो वर्ष २०२२ सम्म थोरै मात्र पैसा पठाएको भए पनि आश्रितमा राख्न सकिन्थ्यो भने अब उप्रान्त भने नेपालमा भएका परिवारका सदस्यहरूलाई आश्रितका राख्न परेमा हरेक सदस्यलाई छुट्टाछुट्टै पैसा पठाएको हुनुपर्दछ । यदि कुनै एक सदस्यलाई मात्र पैसा पठाएको अवस्था हो भने पैसा पठाएको व्यक्तिलाई मात्र आश्रितमा राख्न सकिन्छ । यसका अतिरिक्त नाता प्रमाणपत्र र विवाह प्रमाणपत्रहरु प्रत्येक वर्ष कम्पनीमा पेश गनुपर्दछ ।

आगामी वर्ष २०२३ देखि जापानबाहिर रहेका आश्रितहरूको हकमा करको नियम परिवर्तन हुने भएको छ । जापान बाहिर रहेका परिवारका सदस्यहरु जो जापानमा दर्ता छैनन् र उनीहरू ३० देखि ७० वर्षसम्मको उमेरका छन् भने उनीहरूलाई प्रत्येक वर्ष जापानबाट ३८ मान येन वा सोभन्दा बढी रकम पठाएको भए मात्र आश्रितमा राख्न पाईन्छ । यद्यपि पति वा पत्नीको हकमा भने थोरै मात्र रेमिट्यान्स गरिएको छ भने पनि स्वीकार्य हुने छ ।

तसर्थ, यस वर्ष २०२२ को डिसेम्बर ३१ सम्म परिवारका आश्रित सदस्यहरूका लागि रेमिट्यान्स रकमसम्बन्धी नियम खुकुलो रहेकाले थोरै रकम भए पनि अनुमति दिइएको छ । त्यसैले नेपालमा हुने सदस्यलाई सहयोग गरिराख्नु भएको र अझै पैसा पठाउनुभएको छैन भने थोरै रकम भए पनि पैसा पठाउनुपर्ने हुन्छ ।

गेन्सेनमा आश्रित पति-पत्नीको नाम समावेश गरिएको छ भने पनि सिटी कार्यालयले आश्रितको बार्षिक कमाई धेरै भएको खण्डमा आश्रितबाट हटाइदिन सक्छ । कर प्रमाणपत्र अध्यागमन कार्यालयमा पनि पेश हुने हुँदा, यदि पति-पत्नीलाई कर प्रमाणपत्रको आश्रितमा नरहेको थाहा भएमा आश्रितले के कति काम गरेको हो भन्ने बारेमा छानबिन गरिने छ ।

२. परिवारका आश्रित सदस्यहरूको सामाजिक बीमा सम्बन्धमा : कार्यरत कम्पनीमा सामाजिक बीमा (स्वास्थ्य बीमा र पेन्सन) प्रक्रिया गरिएको छ भने आश्रितहरु पनि सामाजिक बीमामा समाविष्ट हुन सक्दछन् । जापानमै भएका आश्रित सदस्यको वार्षिक आय १ सय ३० मान येन वा सो भन्दा कम छ भने आश्रितमा समावेश गर्न सकिन्छ । त्यस्तो सदस्यको सामाजिक बीमा (स्वास्थ्य बीमा र पेन्सन) गरिएको छ भने राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सनको लागि सिटी कार्यालयमा भुक्तानी गर्न पर्दैन । यदि सो बापतको रकम तिरिसक्नु भएको छ भने सिटी कार्यालयले सो रकम फिर्ता गर्नेछ ।

ध्यान दिनुपर्ने यो छ कि कर आश्रितहरूको लागि १०३ मान येन र सामाजिक बीमा आश्रितहरूको लागि १३० मान येनको आय रकम फरक छ ।

जापान बाहिर रहेका परिवारका सदस्यहरु जो सिटी कार्यालयमा दर्ता छैनन् उनीहरू जापानको सामाजिक बीमा (स्वास्थ्य बीमा, पेन्सन) को सुबिधा लिन सक्ने छैनन् ।

३. परिवारका आश्रित सदस्यको भिसा सम्बन्धमा : आश्रितमा रहेका सदस्यहरू परिवारिक भिसा (Dependent Visa) सम्बन्धि घटनाहरू बढ्दोक्रममा रहेको पाईन्छ । पारिवारिक भिसा भनेको परिवारका आश्रित सदस्य जस्तै श्रीमान वा श्रीमती र बच्चाहरूको भिसा हो । बाबुआमालाई पारिवारिक भिसामा बोलाउन मिल्दैन । यो भिसा परिवारसंगै बस्न र जीबन यापनका लागि दिईएको भिसा भएकाले सामान्यतया: काम गर्न पाइदैन । काम गर्न चाहेको खण्डमा इमिग्रेशनमा सिखाकुगाइखाचुदोउ क्योउखा (काम गर्न पाउने अनुमति) लिनुपर्दछ । यो प्राप्त भएमा हप्ताको २८ घण्टा काम गर्न पाईन्छ । परिवारका आश्रित सदस्य यदि नेपालमा छन् भने त्यसको जानकारी सहि तरिकाले गराउनुपर्दछ । उक्त जानकारीको आधारमा तयार गरिएको गेन्सेन पेपरको रेकर्ड सिटी कार्यालयमा राखिन्छ र त्यसैको आधारमा करको प्रमाणपत्र जारी गरिन्छ ।

आश्रितमा राख्न मिल्ने परिवारका सदस्य नेपालमा भए पनि सो को जानकारी नगराईएका कारण कर प्रमाणपत्रमा नाम उल्लेख छुट्न गएमा पछि बच्चा जापान बोलाउँदा वास्तवमै आश्रित हो वा होईन भन्ने बिषयमा इमिग्रेशनमा समस्या पर्ने गरेको घटनाहरू पनि छन् । यसैगरी पहिले बच्चाहरूको नाम उल्लेख गरिएको र हाल हटाइएको जस्ता घटनाले नाता प्रमाणितमा आशंका हुने गरेको अवस्था पनि छ । परिवारका आश्रित सदस्यहरू धेरै भएमा कर सस्तो हुन्छ तर नेपालमा भएका परिवारका आश्रित सदस्य धेरै भएमा कर प्रमाण पत्रमा कर शुन्य येन भै आवासीय कर पनि शुन्य येन नै भएमा जापानमा औसत जीवन यापन संभव छैन भनि नेपालबाट धेरै परिवार बोलाउन नसकिएका घटनाहरू पनि छन् ।

स्थायी (एइजु) भिसा आबदेन गर्दा बेला खाजेस्योमेइस्यो ५ बर्षको इमिग्रेशन बुझाउनुपर्ने हुन्छ । त्यो ५ बर्षको बिचमा नेपालमा भएको परिवारका सदस्यलाई कहिले आश्रितमा राख्ने कहिले नराख्ने गर्नाले शंकाको घेरामा पर्ने गरिएको कारण स्थायी भिसा नदिएको घटना पनि छन् ।

जे गर्छौं हामी प्रोफेशनल्ली गर्छौं ।

ठाउँ एक सुबिधा अनेक



विगत डेढ दशकदेखि सेवामा समर्पित छौं, अवश्य सम्झनुहोला ।

- **पासपोर्ट प्रोसेसिङ** : पासपोर्ट (राहदानी) बनाउन वा नविकरण गर्नुपरेमा
- **भिजिट भिसा प्रोसेसिङ** : युरोप, अमेरिका, क्यानडा, अष्ट्रेलिया, न्युजिल्याण्ड लगायत विभिन्न मुलुकहरुमा जान परेमा वा नेपालबाट आफन्तलाई जापान बोलाउन परेमा
- **ट्रान्सलेशन** : नेपाली, अंग्रेजी, जापानी, हिन्दी लगायतका भाषाका कागजातहरु अनुवाद गर्नुपरेमा
- **भिसा सपोर्ट** : जापान भिसा सम्बन्धि डकुमेन्टेशन गर्नुपरेमा
- **डिजाइन तथा प्रिन्ट** : मेन्यु, चिरासी, साइनबोर्ड, ब्यानर, पोष्टर, ब्रोसर, स्टिकर, लोगो आदि बनाउनुपरेमा
- **व्यवसायिक बिज्ञापन** : आफ्नो व्यवसायको विज्ञापन (नेपाली समाचार, समुद्रपारि डट कम, सामाजिक सञ्जाल आदिमा) छपाउन परेमा
- **फोटोग्राफी तथा भिडियोग्राफी** : मेन्यूका लागि खानाको साथै विशेष अवसरहरुको उत्कृष्ट फोटो खिच्न र भिडियो बनाउन परेमा
- **होमपेज** : ब्यवसायिक, संस्थागत तथा ब्यक्तिगत होमपेज बनाउन परेमा
- **बैंकिङ कारोवार** : बैंक लोन प्रोसेसिङ गर्नुपरेमा
- **तोकुतेइ गिनोउ (SSW)** : भिसासंग सम्बन्धित रोजगारी वा कुनै पनि सहजीकरण चाहिएमा
- **प्रकाशन** : पुस्तक, पत्रपत्रिका, मुखपत्र, स्मारिका, बुलेटिन, ब्रोसर, बिधान आदि छपाउन परेमा
- **काउन्सेलिङ** : भिसा, कम्पनी दर्ता, रोजगारी, नयाँ ब्यवसाय, प्रोपर्टी सम्बन्धमा परामर्श गर्नुपरेमा

CALL NOW !
080-4150-5314

OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314
Web : www.gmt-intl.com www.samudrapari.com
Email: gmtintl.jpn@gmail.com

*Published by: GMT International Co. Ltd., Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314, Email: samudraparinews@gmail.com, 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073*
*Editor in chief &Editor& Designer/Developer: Tilak Malla*